

परिवर्तनका प्रेरक... पृष्ठ ४


ग्राहक प्रति

शनिबारको

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108



काठमाडौं

। वर्ष १५, अंक २०९, काठमाडौं, शनिबार २५ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Saturday 9 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-




*टहरोमा बस्दा चिसोले बिरामी भएपछि घाममा किताब पढ्दै गोरखा लाप्राकका बालक । भूकम्पले विद्यालय भवन भत्किएपछि बनाइएका अधिकांश अस्थायी शिक्षण केन्द्र (टीएलसी) जस्तापाताले बनाइएकाले चिसोका कारण बालबालिका बिरामी पर्ने गरेका छन् ।* **तस्बिर : रासस**

# संयन्त्रको क्षेत्राधिकारबारे छलफल केन्द्रित

**विजय चाम्लिङ/काठमाडौं**

प्रमुख तिन दल र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबिच सीमांकनको विवाद टुंगो लगाउन गठन गरिने राजनीतिक संयन्त्रको क्षेत्राधिकारबारे छलफल सुरु भएको छ ।

सीमांकनको विषय राजनीतिक संयन्त्रमार्फत टुंगो लगाउन मोर्चा तयार भएपछि हाल सो राजनीतिक संयन्त्रको क्षेत्राधिकार (टीओआर) किटान हुनुपर्नेमा जोड दिएपछि यसबारे छलफल सुरु भएको हो ।

'राजनीतिक संयन्त्रबाटै सीमांकनको टुंगो लगाउने हो भने पहिला संयन्त्रको क्षेत्राधिकार र संवैधानिक हैसियत प्रस्ट हुनुपर्छ,' मोर्चाका एक नेताले भने, 'किनभने, अहिले तिन दलीय कार्यदलका सदस्यसमेत रहेका एमाले नेता भीम रावलजीले नै संयन्त्रको कानुनी हैसियतमाथि फरक खालको कुरा गरिरहनुभएको छ ।'

एमाले नेता रावलले सीमांकन टुंगो लगाउन गठन गरिने संयन्त्रले कानुनी मान्यता नपाउने भन्दै सार्वजनिक अभिव्यक्ति दिएको ती नेताको आरोप छ ।

तिन दलले समानुपातिक, समावेशी र जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारणलगायत मुद्दा संसद्मा पेस भएको संविधान संशोधन विधेयकबाट र सीमांकनको अन्तिम टुंगो मोर्चासहित रहने गरी राजनीतिक संयन्त्र गठन गरी तिन महिनाभित्र टुंग्याउन मोर्चासँग प्रस्ताव गरेपछि गत बिहीबार र शुक्रबार पनि मोर्चाको आन्तरिक बैठक बसेको थियो ।

बिहीबारको बैठकमा मोर्चाले गठन गरेको कार्यदलका सदस्यहरूले यस विषयमा शीर्ष नेताहरूलाई ब्रिफिङ गरेका थिए भने आन्दोलनको समीक्षा र नयाँ आन्दोलनका कार्यक्रमबारे छलफल लम्बिएको भन्दै निर्णयविहीन बनेको थियो ।

यसबारे छलफल गर्न पुनः शुक्रबार पनि बैठक बस्ने तयारी गरे पनि मोर्चाको बैठक बसेन ।

'बैठकका लागि सबैजना जम्मा भइयो तर हाम्रा अध्यक्षहरूले संयुक्त राष्ट्र संघको महासचिवको प्रतिनिधिलाई तुरुन्तै भेट्नुपर्ने

## सीमांकन विवाद

भएपछि बैठक बस्नै सकेन,' संघीय समाजवादी फोरमका प्रमुख सचेतक डा. शिवजी यादवले भने, 'मोर्चाको बैठक अब शनिबार बस्ने तयारी छ ।'

मोर्चाको आन्तरिक बैठक तत्काल निर्णयमा पुगिनसकेको भए पनि प्रमुख तिन दलबाट आएको प्रस्तावमाथि मोर्चाका कार्यदल र तिन दलका कार्यदलबिच गम्भीर छलफल सुरु भएको हो ।

मोर्चाका कार्यदल सदस्य तथा संघीय समाजवादी फोरमका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले संघीय संरचनाबारे राजनीतिक समझदारी कायम गर्ने प्रयास भइरहेको जानकारी दिए ।

'११ बुँदेमध्ये पहिलो नम्बरको बुँदा जसलाई हामीले राज्यको पुन:संरचना भन्दै आएका छौं, यस विषयमा छलफल केन्द्रित भयो,' श्रेष्ठले राजधानीसँग भने, 'अहिले नै सबै जनाले आ-आफ्नो पोका खोलिसकेका छैनन् तर यो विषयमा राजनीतिक समझदारी गरेर अघि बढ्ने कोणबाट छलफल भएको छ ।'

उनले आफूहरूले पहिलो संविधानसभाको राज्य पुन:संरचना समिति र राज्य पुन:संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदनका आधारमा संघीय संरचना कायम गर्नुपर्ने पक्षमा रहेको बताए । 'यो विषयमा राजनीतिक समझदारी भयो भने अन्य विषय प्राविधिक कुरा हुन्,' श्रेष्ठले भने, 'प्राविधिक कुराहरू बिस्तारै मिलाउँदै लान हामी तयार छौं ।'

चार महिनाभन्दा लामो समयदेखि संघीय प्रदेश र संविधानको विरोध गर्दै आन्दोलन गरिरहेको मोर्चाले हाल आन्दोलनको नयाँ कार्यक्रम ल्याउने तयारी पनि गरेको छ ।

मोर्चाका शीर्ष नेताहरूले शुक्रबार नै संयुक्त राष्ट्र संघका महासचिवका विशेष प्रतिनिधि जेफ्रे फेल्टम्यानसँग पनि भेटवार्ता गरेका थिए । सो क्रममा उनले जारी मधेस आन्दोलन र संविधानका विषयमा चासो व्यक्त गर्दै संवादबाटै निकास खोज्न सुझाव दिएका थिए । शुक्रबार नै भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्याय र महन्थ ठाकुरबिच पनि भेटवार्ता भएको छ । तमलोपा पार्टी कार्यालय बिजुलीबजारमा भएको भेटमा जारी नाकाबन्दी र मधेस आन्दोलनबारे कुराकानी भएको थियो ।

## बेलायती राजकुमार नेपाल आउने



**काठमाडौं/रास-** बेलायती राजकुमार ह्यारी नेपाल आउने भएका छन् ।

केन्जिङटन प्यालेसले शुक्रबार सामाजिक सञ्जाल ट्विटरमार्फत प्रिन्स ह्यारीको नेपाल भ्रमणबारे जानकारी दिएको हो । ह्यारीको पहिलो औपचारिक नेपाल भ्रमण आगामी वसन्त ऋतु (स्प्रिङ) मा हुनेछ । भ्रमणको विस्तृत विवरण भने आउन बाँकी छ ।

अफगानिस्तान युद्धमा गोर्खाहरूसँगै बिताएका प्रिन्स ह्यारीले ब्रिटिस गोर्खा सैनिकको खुलेरै प्रशंसा गर्दै आएका छन् । लन्डनस्थित नेपाली दूतावासले भने अहिलेसम्म ह्यारीको भ्रमणबारे कुनै औपचारिक जानकारी नपाएको जनाएको छ ।

यसअघि बेलायती महारानी एलिजावेथ द्वितीय र प्रिन्स फिलिपले नेपाल भ्रमण गरेका थिए ।

# एक चौथाइ सांसद 'रोगी'

### १ सय ५९ ले लिए औषधि उपचार खर्च

### उपचारका लागि ३ सयदेखि २१ लाख रुपैयाँसम्म माग

**ईश्वरी सुवेदी/काठमाडौं**

व्यवस्थापिका संसद् सचिवालयमा औषधि उपचारबापत रकम लिने सांसदहरूको लर्को नै लाग्ने गरेको छ । सचिवालयमा औषधि उपचारबापत रकम माग गर्ने सांसदको संख्या कुल संख्याको एक चौथाइभन्दा बढी छ ।

दोस्रो संविधानसभा निर्वाचनपछि २०७१ वैशाखदेखि २०७२ पुससम्म १ सय ५९ सांसदले संसद् सचिवालयबाट उपचार खर्च लिइसकेको सचिवालयले जनाएको छ । उनीहरूले उपचार खर्चबापत हालसम्म ५४ लाख ५९ हजार रुपैयाँ लिइसकेका छन् । माग भएमध्ये २५ लाख रुपैयाँ सचिवालयले विचाराधीन अवस्थामा राखेको छ ।

सांसदहरूले मिर्गौलाले काम नगरेको, मुटुको समस्या भएको,



मधुमेह, आक्रमणबाट घाइते भएको भन्दै औषधि उपचार गरेको बिल पेस गर्ने गरेका छन् । उपचार गरेको अस्पतालको रसिद हेरेर सचिवालयले रकम उपलब्ध गराउँदै आएको छ । संसद् सचिवालयले सरकारी अस्पतालको बिलमा भएबराबरको र निजी अस्पतालको बिलको आधा रकम मात्रै उपलब्ध गराउँदै आएको छ । संसद् सचिवालयले मिर्गौला रोगी र सुगरका रोगी सांसदलाई नियमित रूपमा रकम उपलब्ध गराउँदै आएको छ ।

एमाले वरिष्ठ नेता माधवकुमार नेपालले १ लाख २ हजार ८५ रुपैयाँ उपचार रकम लिएका छन् । उनले १७ भदौ २०७१ मा सो रकम लिएका हुन् । कांग्रेस उपसभापति रामचन्द्र पौडेलले २४ कात्तिक २०७२ मा ३० हजार रुपैयाँ उपचार खर्चबापत लिएका छन् । कांग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाले २ लाख ६२ हजार ६ सय ७७ रुपैयाँ उपचार खर्चबापत गत १४ साउनमा लिएका छन् ।

कांग्रेस सांसदहरू गीता वाग्लेले ३३ हजार ४ सय ८३ रुपैयाँ, खड्कबहादुर बस्यालले २६ हजार, कुलबहादुर गुरुङले १८ हजार रुपैयाँ लिएका छन् । मधेस समता पार्टीका सांसदसमेत रहेका उद्योग राज्यमन्त्री मेघराज निषादको दुवै मिर्गौला फेल भएकाले संसद् सचिवालयले अहिलेसम्म ३ लाख २८ हजार रुपैयाँ उपलब्ध गराएको जनाएको छ ।


(बाँकी पृष्ठ ३ मा)


# भरिया नै खटाएर सुन तस्करी

### साढे नौ किलो सुनसहित न्युरोडका व्यापारी समातिए

**टपेन्द्र कार्की/काठमाडौं**

राजधानीको न्युरोडस्थित भाग्यलक्ष्मी ज्वेलर्सका सञ्चालकले भरिया प्रयोग गरेर सुन तस्करी गर्ने गरेको पाइएको छ । उनीहरूले चीनबाट सुन तस्करी गरी भारतमा निकासी गर्ने गरेको प्रहरीले जनाएको छ ।

सो ज्वेलर्समा अवैध ढंगले खरिद गरी राखिएको साढे नौ किलो सुन बरामद भएपछि ज्वेलर्स सञ्चालकको तस्करी खुलासा भएको हो । महानगरीय प्रहरी अपराध महाशाखाले सो सुन पसलमा छापा मारेर सञ्चालकहरू विक्रम मित्तल र विवेक मित्तललाई पक्राउ गरी हिरासतमा राखेको छ । मित्तलद्वय सहोदर दाजुभाइ हुन् । उनीहरू भारतको वेस्ट बंगालको कालिङपुङबाट आठ वर्षअघि काठमाडौं आई सुनको व्यापार व्यवसायमा संलग्न रहँदै आएको प्रहरीले जनाएको छ ।

महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सर्वेन्द्र खनालका अनुसार मामा भन्ने व्यक्तिले चीनबाट पठाएको सुनलाई मित्तल दाजुभाइले भारततर्फ तस्करी गर्ने गरेका थिए । 'दाजुभाइ नै संगठित रूपमा सुन तस्करीमा संलग्न रहेको देखिन्छ, उनीहरूलाई तिब्बतमा रहेका अन्य तस्करले पनि सघाएको आभास हुन्छ,' महाशाखाका एसएसपी खनालले भने ।

'बरामद सुन तातोपानी नाका हुँदै काठमाडौं आइपुगेको हो, उनीहरूले विभिन्न माध्यमबाट प्रहरीको आँखा छलेको पाइयो,' एसएसपी खनालले भने ।

सो पसलमा सुन किन्न आएका भारतीय



नागरिक भागीरथ चौधरी पक्राउ परेपछि उनको बयानका आधारमा प्रहरीले मित्तल दाजुभाइलाई पक्राउ गरेको हो । चौधरीको बयानका आधारमा प्रहरीले छापा मार्दा एकएक किलोको नौ ओटा र आधा किलोको एउटा बिस्कुट आकारको सुन फेला पारेको थियो ।

एसएसपी खनालका अनुसार उनीहरूले चीनबाट सुन ल्याउने, कलंकीमा गएर लिने र पसलमा लगेर बेच्ने गरेको अनुसन्धानबाट खुलेको छ । पक्राउपछि मित्तल दाजुभाइले चीनबाट नेपाली नागरिक मामा भन्ने व्यक्तिले आफूहरूलाई सुन पठाउने गरेको बयान दिएका छन् । मामा भन्ने व्यक्तिको सबै विवरण आइनसकेकाले उनी कहाँको हुन् भन्ने यकिन भइनसकेको एसएसपी खनालले बताए । मामा भन्ने व्यक्ति चीनमा नै बस्ने गरेको उनीहरूले प्रहरीलाई बताएका छन् ।

भूकम्पपछि तातोपानी नाकाबाट सुन तस्करी बढेको आशंका गरिरहेको प्रहरीले सूक्ष्म अनुसन्धान गरे पनि सफलता हात पार्न सकेको थिएन । १२ वैशाखमा गएको शक्तिशाली भूकम्पपछि तातोपानी नाका हुँदै सुन तस्करी बढ्न थालेको सुरक्षा निकायले दाबी गर्दै आएको छ ।


(बाँकी पृष्ठ ३ मा)


# प्रतिबद्धता साढे ४ खर्ब, असुली ९० अर्ब मात्रै

**शिव दुवाडी/काठमाडौं**

नेपालको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलनमार्फत मित्रराष्ट्र तथा दातृ निकायले जनाएको प्रतिबद्धताको एक चौथाइभन्दा कम सहयोग मात्रै प्राप्त भएको छ । गत १० असारमा आयोजित दातृ सम्मेलनमा ४ खर्ब ४० अर्ब रुपैयाँको सहायता प्रतिबद्धता जनाए पनि हालसम्म करिब ९० अर्ब रुपैयाँ मात्र सहयोग प्राप्त भएको हो ।

अर्थ मन्त्रालयको वैदेशिक सहयोग समन्वय महाशाखाका अनुसार सम्मेलनका क्रममा दर्जनौं मुलुक तथा दातृ निकायले सहयोगको घोषणा गरेको भए पनि आधा दर्जन निकायबाट मात्रै सहयोग प्राप्त भएको हो ।

अर्थ मन्त्रालयका सहसचिव तथा वैदेशिक सहयोग समन्वय महाशाखाका प्रमुख मधु मरासिनीले सहयोग घोषणा गर्ने मुलुक तथा निकायसँग त्यस विषयमा छलफल भइरहेको भए पनि हालसम्म घोषणाको एक चौथाइभन्दा कम मात्रै रकम प्राप्त भएको बताए । उनका अनुसार घोषणाअनुरूप एसियाली विकास बैंक (एडीबी), विश्व बैंक, जापान सहयोग नियोग, जर्मनी चीनले मात्रै सहयोग उपलब्ध गराएका छन् ।

## पुनर्निर्माणमा दाताको प्रतिबद्धता

अन्य मुलुक तथा निकायसँग यस विषयमा छलफल भइरहेको भए पनि रकम भने प्राप्त भइनसकेको मरासिनीले बताए ।

सहयोगको घोषणा भएको ६ महिनाभन्दा बढी समय बितिसक्दा पनि घोषणाअनुरूप सहयोग रकम प्राप्त हुन नसक्नुमा सहयोग घोषणा गर्ने मुलुक र नेपाली पक्ष दुवैको कमजोरी रहेको देखिएको छ । सहसचिव मरासिनीका अनुसार कुनै पनि मुलुकले सहयोगको घोषणा गरेपश्चात् त्यसलाई दुवै पक्षको छलफल र सहमतिका आधारमा टुंग्याउनुपर्ने हुन्छ । त्यसका लागि सम्बन्धित मुलुक र नेपाल दुवै पक्षबिच छलफल र समन्वय आवश्यक पर्ने उनी बताउँछन् । यसका लागि प्रक्रियागत रूपमा केही बढी समय लाग्ने उनको भनाइ छ ।

अर्थका अर्का एक अधिकारीका अनुसार प्राकृतिक प्रकोपका कारण नेपालमा उत्पन्न मानवीय संकट समाधान र पूर्वाधार विकासका लागि दातृ निकाय तथा विभिन्न मुलुकले त्यतिबेला सहयोगको घोषणा गरेको भए पनि सहयोगको कार्यान्वयन पक्ष कमजोर बनेपछि घोषणाअनुरूप सहयोग रकम उपलब्ध गराउन उनीहरू सुस्ताएका हुन् ।

सम्मेलन भएको ६ महिनासम्म पुनर्निर्माण प्राधिकरणले पूर्णता नपाउने, यससम्बन्धी अध्यादेश नै अन्योलग्रस्त हुने, दलहरूबिच तीव्र विमति देखिने तथा सहयोग रकमको प्रभावकारी कार्यान्वयन हुनेमा विश्वस्त हुन नसकिने अवस्था देखिने भएपछि दाताहरू सहयोगका लागि हिच्किचाउन थालेको उनले बताए । पछिल्लो समयमा प्राधिकरण गठन र विधेयक स्वीकृतिजस्ता कार्य सम्पन्न भइसकेकाले आगामी दिनमा सहयोग रकम बढ्ने अपेक्षा गरिएको उनले बताए ।

यही प्रतिबद्धतालाई आधार बनाएर लन्डनस्थित द फाइनान्सियल टाइमको सहप्रकाशन द बैंकरले हालै मात्र तत्कालीन अर्थमन्त्री डा. रामशरण महतलाई अन्तर्राष्ट्रिय सम्मेलनको सफल आयोजना र अत्यधिक सहयोग जुटाउन सफल भएको भन्दै विश्वकै उत्कृष्ट अर्थमन्त्रीका रूपमा घोषणा गरेको थियो । गत १० असारमा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा दातृ निकाय तथा विभिन्न मुलुकहरूले घोषणा गरिएको रकममध्ये ५० प्रतिशतअनुदान र बाँकी सहुलियतपूर्ण ऋण दिने प्रतिबद्धता जनाएका थिए ।


(बाँकी पृष्ठ ३ मा)



**जीवन यात्रा** | *सिद्धार्थ नगरपालिका-१ बेलहियास्थित दसजगा नजिक अस्थायी छाप्रोमा बसेका वृद्ध दम्पती र उनका नाति। मागेर जीविकोपार्जन गर्ने यी दम्पतीको दिनरात यही छाप्रोमा बित्छ। गाउँको छेउमा अस्थायी छाप्रो बनाएर बस्ने र मागेर साँझ बिहानको छाक टार्ने अनि केही समयपछि फेरि अर्को गाउँमा गई यही दैनिकीलाई निरन्तरता दिने यी वृद्ध दम्पतीले बताए।*
**तस्बिर : श्यामशंकर पाण्डे/राजधानी**

# घुससहित इन्जिनियर पक्राउ

**राजधानी संवाददाता/नेपालगन्ज**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मध्यपश्चिम क्षेत्रीय कार्यालय सुर्खेतको सम्पर्क कार्यालय कोहलपुरले नेपालगन्ज उप-महानगरपालिकाका योजना फाँट प्रमुख इन्जिनियर श्यामकाजी पियालाई घुसको रकमसहित नियन्त्रणमा लिएको छ।

अख्तियारको सम्पर्क कार्यालय कोहलपुरका प्रमुख तथा प्रहरी उपरीक्षक दीपक थापाले दिएको जानकारी अनुसार इन्जिनियर पियाको कार्यकक्षबाट ८० हजार नगदसहित नियन्त्रणमा लिएको हो।

प्रहरी उपरीक्षक थापाले नेपालगन्ज उप-महानगरपालिका-१२ को प्रगति टोलको उपभोक्ता समितिले सम्पन्न गरेको विकास निर्माणको कामको फछ्र्योटको लागि उनले लामो समयदेखि पैसा मागगर्दै काम अड्काएर राखेकोले 'स्टिङ अपरेसन' गरी सबुद प्रमाणसहित नियन्त्रणमा लिएको जानकारी दिए।

सडक निर्माण उपभोक्ता समितिबाट घुस लिँदै गर्दा अख्तियारको टोलीले पियालाई रंगेहात प्रक्राउ गरेको हो।

पियाले नेपालगन्ज उपमहानगरपालिका-१२ स्थित प्रगतिनगरको कुर्मी टोलदेखि चमारटोलसम्मको बाटो मर्मतका लागि गठित उपभोक्ता समितिसँग पेस्की फछ्र्योट तथा निर्माण सम्पन्न भएको सम्बन्धी प्रतिवेदन दिनको लागि पैसा माग गरेकोले रंगेहात नियन्त्रणमा लिएको हो।

इन्जिनियर पियाले आफू बिहानैदेखि नगर परिषद्को तयारीमा रहेकोले बिहानै आएर कोठा खुला गरी बाहिर निस्केको बेलामा कसैले आफूलाई फसाउने नियतले सो रकम राखेको बताए।

अख्तियारको टोलीले सडकको ढलान गर्न ८ लाखको योजना परेकोमा पियाले उपभोक्ता समितिसँग दस प्रतिशत रकम आफूलाई दिनुपर्ने बताएकाले उपभोक्ता समितिका सदस्यले शुक्रबार नगद लिएर फाइलमा राखेको पैसा बुझेको केहीबेरै अख्तियार टोलीले पियाको कार्यकक्षमा छापा मारेर सो रकमसहित पकाउ गरेको हो।

# सर्वोच्चको फैसला मान्य हुँदैन : महरा

**राजधानी संवाददाता/नवलपरासी**

एमाओवादी महासचिव कृष्णबहादुर महराले राजनीतिक सहमतिविपरीत सर्वोच्च अदालतले बालकृष्ण ढुंगेलको मुद्दामा फैसला गरेको हुँदा आफूहरूलाई सो फैसला मान्य नहुने बताएका छन्।

संविधान जारी गर्ने बेलामा शीर्ष राजनीतिक वृत्तमा पञ्चायतकालीन र जनयुद्धकालीन मुद्दा नब्युँताउने सहमति भएको थियो भन्दै महासचिव महराले सर्वोच्चको यस फैसलालाई आफूहरूलाई कुनै पनि हालतमा मान्य नहुने बताए।

उनले १२ बुँदे सहमतिमा भएको सो सहमति कार्यान्वयन हुनेमा आफूहरू आशावादीसमेत रहेको बताए। बालकृष्ण ढुंगेलका जस्ता मुद्दालाई कानुनी रूपमा भन्दा राजनीतिक मुद्दा भएकाले राजनीतिक रूपले टुंगिसकेको बताए। क्रान्तिकारी विद्यार्थीको जिल्ला अधिवेशनलाई सम्बोधन गर्न कावासोती आएका महरासँग शुक्रबार कावासोतीमा क्रान्तिकारी पत्रकार संघ नवलपरासीले गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन्।

पछिल्लो समय मधेसी नेता र अन्य राजनीतिक दलबिच सार्थक वार्ताको थालनी भएको भन्दै केही दिनभित्रै मधेसी मोर्चासँग सहमति हुने महराले बताए। सरकार परिवर्तनको सम्भावना नभएको भन्दै महराले भने, 'हामी देशको निकासको पक्षमा छौं, सरकार फेरेर समय लम्ब्याउनुको अर्थ हुँदैन पनि उनले बताए।

यसैबिच एकीकृत नेकपा माओवादी निकट अखिल क्रान्तिकारी नवलपरासीको १५औं जिल्ला सम्मेलन कावासोतीमा भएको छ। सम्मेलनमा लागि जिल्लाभरिबाट १ सय ३० जना प्रतिनिधि सहभागी भएका छन्।

त्यस्तै भेलाले देश संघीयतामा गएको र नवलपरासीको नवलपुर खण्ड प्रदेश ४ र परासी खण्ड प्रदेश ५ मा राखिएकाले सोही अनुसार नवलपुर खण्ड र परासी खण्ड गरी दुई खण्डको जिल्ला कमिटी गठन हुने बताइएको छ।

# राजविराजमा दिउँसै गोली चल्यो

**राजधानी संवाददाता/राजविराज**



स्थानिय प्रशासनले सुरक्षा व्यवस्था सुदृढ बनाएको दाबी गरिरहेकै बेला शुक्रबार दिउँसै सदरमुकाम राजविराजमा एक युवामाथि गोली प्रहार भएको छ।

राजविराज-२ निवासी दिनेश ठाकुरका १८ वर्षीय छोरा दिलीप ठाकुरमाथि अज्ञात् व्यक्तिले दिउँसै गोली प्रहार गरेका हुन्।

पीडितका अनुसार दिउँसो २ बजेतिर घर नजिकैको खेल मैदानतर्फ जाँदै गरेका बेला मोटरसाइकलमा आएका अज्ञात् तिनजनामध्ये पछिल्लो सिटमा सवार व्यक्तिले गोली प्रहार गरेका थिए।

पाखुरामा गोली लागेका ठाकुरको स्थानीय गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा उपचार भइरहेको छ।

गोली हानेर फरार भएकाको व्यापक रूपमा खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ। दुई दिनअघि पनि सप्तरीको झुटकीमा प्रहरीको चौकीका इन्चार्ज असई रमेश सुब्बाको मोटरसाइकल चढी आएका अज्ञात् व्यक्तिले सम्साझै गोली हानी हत्या गरेका थिए।

दुवै अपराध घटनामा संलग्न अपाराधीलाई पक्राउ गर्न नसकेकामा त्रसित बनेका स्थानीयवासी प्रहरी सक्रियता बढाउनुपर्ने माग गरेका छन्।

## छोटकरी

### ५३ लाख सहयोग

**पाल्पा/रास-** पाल्पाको रामपुरमा १६ पुसदेखि चलेको श्रीमद्भागवत कथा प्रवचन तथा धनधान्याचल ज्ञान महायज्ञमा रामपुर ९ का लोकनाथ उपाध्याप र तिलकुमार रेग्मीको परिवारले सबैभन्दा बढी राशि ५३ लाख ६० हजार ५ सय ५१ रुपैयाँ दान गरेका छन्।

दरैठाँटी उच्च माविमा प्राविधिक शिक्षा सञ्चालन गर्ने उद्देश्यले चलेको महायज्ञामा विद्यालय व्यावस्थापन समितिका अध्यक्ष सुदन प्रकाश रेग्मीको बुबा लोकनाथ र उनको परिवारले घरसँगै जोडिएको विद्यालयलाई यति ठुलो धनराशि दान गरेका हुन्।

विद्यालयको स्तरवृद्धिमा सहयोग गर्दै आएको परिवारले श्रीमद् भागवत प्रचार प्रसार सेवा संघको समन्वयमा अध्यात्म शिरोमणि पण्डित रामकृष्ण उपाध्ययले भागवत कथा वाचन गरेका छन्। महायज्ञमा ज्ञाननाथ आर्चायको परिवारले ४० लाख ५० हजार, कृष्णप्रसाद अर्यालको परिवारले २५ लाख ८५ हजार र रमणकुमार थापाको परिवारले १२ लाख ७५ हजार बराबरको धनराशि सहयोग गरेका छन्। महाज्ञयबाट ४ करोड ३५ लाख बराबर धनराशि जम्मा भएको आयोजकले जनाएका छन्। महाज्ञयबाट उठेको रकमबाट विद्यालयमा इन्जिनियरिङ कक्षा सञ्चालनमा आवश्यक भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर वृद्धिमा लगानी गर्नेछ।

### अनाथ आश्रमलाई स्टेसनरी

**इटहरी/रास-** २६औं स्थापना दिवसको अवसर पारेर निजी विद्यालयको छाता संगठन प्याब्सन सुनसरीले शुक्रबार इटहरीस्थित अनाथ आश्रमलाई स्टेसनरी सामान वितरण गरेको छ।

प्याब्सन सुनसरीका अध्यक्ष नरबहादुर थापासहित प्याब्सनका जिल्ला कार्यसमितिका पदाधिकारीसहितको टोलीले इटहरी-४ मा रहेको निसाहाय अनाथ आश्रमलाई एक थान प्रिन्टर एवं अन्य स्टेसनरीका सामान वितरण गरेको प्याब्सन सुनसरीका सचिव जीवप्रसाद गुरागाईंले बताए।

स्टेसनरी सामान हस्तान्तरण कार्याक्रममा प्याब्सन सुनसरी अध्यक्ष थापाले प्याब्सनले वार्षिक रूपमा सामाजिक काम स्वरूप यस पटक अनाथ आश्रमलाई सो स्टेसनरी सामान वितरण गरेको बताए। स्थापना दिवसअन्तर्गत अघिल्लो वर्ष प्याब्सन सुनसरीले इटहरीमा बृहत् रक्तदान कार्यक्रमको आयोजना गरेको थियो। सो कार्यक्रममा आश्रमकी सञ्चालिका गीता गौतमले सामाजिक रूपमा काम गर्दै आएका संघसंस्थाकै कारण आश्रम अहिलेसम्म सञ्चालनमा रहेको बताइन्।

# पौडेलले सभापतिमा उम्मेदवारी दिने

**सुदीप कोइराला/मोरङ**



नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेल तेह्रौं महाधिवेशनमा आफूले सभापतिमा उम्मेदवारी दिने बताएका छन्। उनले यसको औपचारिक घोषणा पनि छिट्टै गर्ने तयारीमा रहेको बताए।

शुक्रबार विराटनगरमा आयोजित एक नम्बर प्रदेशको प्रशिक्षण कार्यक्रममा सहभागी हुन आएका नेता पौडेलले भने, 'कुनै हालतमा पनि सभापतिमा उठ्छु, चाँडै औपचारिक घोषणा गर्दै छु।' आफूले उम्मेदवारी दिने धेरै तयारी गरिसकेको बताउँदै उनले यस पटक कसैका लागि पनि छाड्नु नपर्ने बताए।

सुशील कोइराला सभापतिमा नउठ्ने जिकिर गरेका नेता पौडेलले कोइरालाकै समर्थनमा आफू सभापतिमा उठ्ने बताए। 'यस पटक सुशीलजी उठ्नुहुन्न,' नेता पौडेलले भने, 'देशभरका कार्यकर्ताको इच्छाअनुसार म उठ्दै छु, सुशील कोइरालाले पनि मलाई समर्थन गर्नुहुन्छ।'

आफ्नो भारत भ्रमणका बेला भारत सरकारका विदेश र गृहमन्त्रीले संशोधन गर्न किन ढिलो गरेको भनेर जिज्ञासा राखेको बताएका नेता पौडेलले संविधान संशोधन प्रस्ताव पारित भएपछि नाकाबन्दी खुल्ने बताए।

उनले सीमांकनको विवादलाई फेरि पनि हतार गरे अर्को अन्दोलन हुने खतरा रहेको भन्दै हतार गर्न नहुने सुझावसमेत दिए।

कार्यदल सदस्य महेश आचार्यले वैधानिकताको कुरा मधेसी मोर्चाले उठाए पनि त्यो मधेसी मोर्चा समेतको सहभागितामा हुने भएकाले समस्या नहुने बताए। प्रशिक्षणमा कांग्रेस महामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्यह महेश आचार्य र मिनेन्द्र रिजाल, रामशरण महत, अर्जुननरसिंह केसी, गोपालमान श्रेष्ठ, गगन थापालगायत केन्द्रीय नेताहरू सहभागी भएका थिए।

# काठमाडौंमा सुन पसल लुट्ने पोखरामा पक्राउ

**राजधानी संवाददाता/पोखरा**



काठमाडौ न्युरोडस्थित लक्ष्मी सुनचाँदी पसलमा अघिल्लो साता भएको सुनचाँदी चोरीमा संलग्नलाई प्रहरीले पक्राउ गर्न सफल भएको छ। पक्राउ पर्नेमा स्याग्दी रुम गाविस घर भई हाल पोखरा बस्ने २३ बर्से चिरञ्जीवी पुन, दिलीप भन्ने दिलबहादुर पुन र नुवाकोट महाकालीका उमेश तामाङ छन्। तीमध्ये चिरञ्जीवीलाई प्रहरीले पोखराबाट र अन्यलाई सूचनाको आधारमा काठमाडौंबाट पक्राउ गरेको हो।

कास्की प्रहरीले बिहीबार यहाँ पत्रकार सम्मेलन गरी दिएको जानकारी अनुसार सो गिरोहले पोखराका अन्य सुनचाँदी पसलमा चोरीको योजना बनाएको थियो। प्रहरीले उनीहरूको साथबाट ९३ तोला सुनका तयारी विभिन्न गहना, ५७ तोला चाँदीको तयारी गहना र एक थान ल्यापटप बरामद गरेको छ।

गत १३ पुसमा लक्ष्मी सुनचाँदी पसलमा भएको चोरीमा सो गिरोहले लामो समयदेखि चोरीको योजना बनाई पसल लुट्न सफल भएको थियो। घटना विवरण अनुसार दिलबहादुरले पोखराको राष्ट्रिय उच्च मावि कक्षा १२ मा पढ्ने चिरञ्जीवीलाई काम मिलाइदिन्छु भनी २ पुसमा काठमाडौं बोलाएपछि चोरीको योजना बनाएका थिए। उमेश तामाङसँगको मिलेमतोमा उनीहरूले पुरानो बसपार्कस्थित होटलमा बसी सुनचाँदी पसल लुट्ने योजना बनाएको अभियुक्तले प्रहरीसमक्षको बयानमा बताएका थिए।

# लुम्बिनीमा अख्तियारको छापा

**भैरहवा/रास-** लुम्बिनी विकास कोषमा अनियमितता भएको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारी कागज पत्र नियन्त्रणमा लिएको छ।

केही सातादेखि आन्तरिक रूपमा कोषको अनुसन्धान गरिरहेको अख्तियारको पश्चिमाञ्चल क्षेत्रीय सम्पर्क कार्यालय बुटवलले शुक्रबार छापा हानेर कागज पत्र नियन्त्रणमा लिएको हो।

कोषमा इन्धन, वृक्षरोपण तथा निर्माण कार्यमा अनियमिता भएका खबरहरू सार्वजनिक भइरहेका बेला अख्तियारले छापा हानेको हो। कोषमा विभिन्न पाटोबाट अनुसन्धान सुरु गरिएको अख्तियारको सम्पर्क कार्यालय बुटवलका प्रमुख एवं प्रहरी उपरीक्षक उमेशराज जोशीले बताए।







### भरिया नै...

भूकम्पपछि राजस्व छलेर तातोपानी हुँदै काठमाडौं आइपुगेको सुन प्रहरीले ठुलो परिमाणमा समातेको यौ नै पहिलो हो।

सुन लुकाएर ल्याउन सजिलो हुने भएकाले भारतीय व्यापारीले भरिया नै खटाएर सुनको तस्करी गरिरहेको प्रहरीको आरोप छ।

सुन ल्याउने भरियालाई प्रतिकिलो २५ हजारदेखि ५० हजार रुपैयाँसम्म दिने गरेको प्रहरीले जनाएको छ।

प्रहरीको सक्रियताका कारण हालसम्म ४ सय किलोभन्दा बढी सुन बरामद भएको छ। संगठित रूपमा कारोबार हुने भएकाले प्रहरीले यसलाई संगठित अपराधअन्तर्गत मुद्दा चलाउने गरेको छ।

### एक चौथाइ...

तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) का सांसद अलबाल अहमद साहलाई आकस्मिक रूपमा मुटुको समस्या भएकाले ४ लाख रुपैयाँ र अन्य रोगको उपचारका लागि २४ हजार रुपैयाँ उपलब्ध गराइएको संसद् सचिवालयको रेकर्डमा उल्लेख छ।

एमाले सांसदहरू दिनेशचन्द्र यादवलाई २ लाख ८४ हजार रुपैयाँ, दीपनारायण साहलाई ८१ हजार, तुलबहादुर गुरुङलाई ३ लाख ७१ हजार २ सय ४४ र भूपेन्द्र थेबेले १ लाख ५ हजार रुपैयाँ लगेका छन्।

एमाओवादी सांसदहरू जुठबहादुर टुहुरे खड्गीले ६६ हजार, चूडामणि विक जंगलीले ३१ हजार र गौरीशंकर चौधरीले ४० हजार रुपैयाँ उपचार खर्चबापत लगेका छन्।

संघीय समाजवादी पार्टी नेपालका सांसद डिलबहादुर नेपालीलाई उपचारबापत ४ लाख १४ हजार रुपैयाँ उपलब्ध गराइएको छ। नेकपा (माले) सांसद कलशादेवी महराले १८ हजार रुपैयाँ उपचार खर्च लिएकी छन्।

मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का सांसद डा. बाबुराम पोखरेलले मुटुको भल्बमा समस्या भएकाले 'कम्बो' राख्नुपर्ने माग गर्दै २१ लाख रुपैयाँ माग गरेका छन्। तर, सचिवालयले उपलब्ध गराइसकेको छैन। कांग्रेस सांसद मोहनप्रसाद बरालले आक्रमणमा परेको भन्दै उपचारका लागि ६४ हजार रुपैयाँ लगेका छन्। कांग्रेसका सांसद सीताराम महतोले ५ लाखको माग गरेका छन्। तर, उनले विदेशमा उपचार गराएको बिल पेस गरेकाले उनको बिललाई मन्त्रिपरिषद्मा पठाइएको छ।

केही सांसदले चिया खाजा खाँदा सकिने रकम पनि उपचारका लागि मागेको पाइएको छ। कांग्रेस सांसद बलदेव बोहराले ६ पटक उपचार खर्च लिएका छन् तर, उनले गत ११ जेठ २०७२ मा ३ सय ५५ रुपैयाँको बिल पेस गरेर उपचार खर्चबपतको रकम लिएका छन्। कांग्रेस सांसद मिठु मल्लले पनि चार पटक उपचार खर्च लिएकी छन्। उनले गत २७ साउन २०७२ मा ५ सय ३० रुपैयाँ उपचार खर्च लिएकी छन्। एमाओवादी सांसदसमेत रहेका कृषिमन्त्री हरिबोल गजुरेलले पनि १ चैत २०७१ मा ७ सय रुपैयाँ उपचार खर्चबापत लिएका छन्। संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०५२ को दफा १६ को उपदफा २ को व्यवस्थाबमोजिम उपचार खर्च उपलब्ध गराइएको हो।

उपदाफा २ मा अस्पतालमा उपचार गर्नुपर्ने भनी संसद् सचिवालयको चिकित्सकले सिफारिस गरेको पदाधिकारी वा सदस्यले अस्पतालमा उपचार गराउँदा लागेको बिलबमोजिमको खर्च संसद् सचिवालयले बेहोर्नेछ र आकस्मिक अवस्था परी अस्पतालमा भर्ना हुनुपरेमा वा उपत्यकाबाहिर रहेको अवस्थामा अस्पताल भर्ना हुनुपरे त्यस्तो चिकित्सकको सिफारिस आवश्यक पर्नेछैन।

त्यसरी अस्पताल भर्ना भएको कुरा संसद् सचिवालयलाई यथासम्भव छिटो माध्यमद्वारा जानकारी दिनुपर्नेछ भन्ने उल्लेख छ।

### प्रतिबद्धता साढे...

राष्ट्रिय योजना आयोगले भूकम्पपछिको आवश्यकता आँकलन (पीडीएनए) प्रतिवेदनमा ६ खर्ब ६९ अर्ब भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणका लागि आवश्यक रहेको औंल्याएको थियो।

सम्मेलनमा छिमेकी भारतले १ खर्ब रुपैयाँबराबरको सहायता गर्ने घोषणा गरेको थियो। यसैगरी, अर्को छिमेकी राष्ट्र चीनले सम्मेलनका क्रममा सबैभन्दा बढी अनुदान दिने घोषणा गरेको थियो। चीनले दिएको सबै रकम अनुदानमा दिने जनाएको थियो। यस्तै, दातृ निकायको तर्फबाट एसियाली विकास बैंक (एडीबी) ले ६० अर्ब सहायता दिने घोषणा गरेको थियो।

सम्मेलनमा विश्व बैंकको तर्फबाट ५० अर्ब सहायता दिने प्रतिबद्धता आएको थियो। यसैगरी, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएफएफ), जापान, अमेरिका, युरोपियन युनियन (ईयू) र बेलायतलगायतले सहयोगको घोषणा गरेका थिए। तर, उनीहरूले अहिलेसम्म उपलब्ध गराएका छैनन्।

# परिवर्तनका प्रेरक चेली

हाम्रो समाजमा छोरा नहुँदा अरू नै व्यक्तिलाई किरिया बसाउने परम्परा हुँदा शोक नै नभएकालाई किरिया बसाउँदा दुःख दिएजस्तो हुने गरेको छ





**सबिन शर्मा**

पशुपति आर्यघाटको ब्रह्मनालमा एक शव परिवारका सदस्यको आगमनमा कुरिरहेको थियो। अस्पतालबाट शव वाहनमा शव लगे पनि परिवारका अन्य सदस्य अर्को सवारीसाधनमा आउनुपर्दा केही छिन कुर्नुपर्ने भयो। शव थियो, ललितपुर आस्राङकी शुभद्रा दाहाल तिमल्सिनाको। करिब २८ महिना निरन्तर अस्पतालको शय्यामा उपचार गर्दै बिताएकी उनी गत १२ पुसमा स्वर्गीय भएपछि अन्तिम संस्कारका लागि आर्यघाट पुऱ्याइएको थियो। उपस्थितिको औपचारिकता देखाउनेबाहेक यो बेला कुनै शब्द थिएन। त्यो निःशब्द उपस्थितिको विषयमा ती अबोधहरूले पनि के भन्नु नै थियो र! परिवार आफन्त र नातेदारहरू जम्मा भइसकेपछि अन्त्येष्टि कर्म सुरु भयो। आफन्तहरू छोरा नभएकाले कसले दागबत्ती दिने भन्ने विषयमा छलफल गरिरहेका थिए। जब दुई छोरी मञ्जु र अञ्जुका साथै सुभद्राको पति नारायण तिमल्सिना पुगे, त्यहाँको महौल नै परिवर्तन भयो। छोरा नभएकाले कसले दागबत्ती दिने छलफलमा रहेका आफन्तजन निःशब्द भए। जुन बेला दुई छोरीहरूले आफ्नो आमाको दागबत्ती आफैंले दिने निर्णय सुनाएका थिए।

बिरामी अवस्थामा आमाको हेरचाह आफूहरूले नै गर्दै आएका छोरीहरू आफैंले दागबत्ती दिने भएपछि उनीहरूले नै हिन्दु संस्कारअनुसार किरिया बस्ने निधो भयो। आफन्तहरू को किरिया बस्ने भन्ने विषयमा चिन्तामुक्त भए। भावविह्वल सबैका आँखामा आँसु टिल्पिलाए, जब छोरीहरू मञ्जु र अञ्जुले आमाको शवलाई चितामा तिन फेरा परिक्रमा गराएर दागबत्ती दिए। उपस्थित मलामीहरू आफ्नो अगाडि नै छोरीहरूले आमाको पार्थिव शरीरमा दागबत्ती दिएको हेरिरहे, धेरैले आँखाबाट आँसु झारे। सबै आफन्त जम्मा भएपछि एमालेको तर्फबाट अन्तिम श्रद्धाञ्जली अर्पण गर्ने व्यवस्था गरियो।

एउटा कम्युनिस्ट आन्दोलनको सेल्टरदाता, संगठित सदस्य जो आफू अस्पतालको शय्यामा हुँदासम्म पार्टीलाई लेबी बुझाउने प्रतिबद्ध कार्यकर्ताको रूपमा थिइन्, शुभद्रा। नेकपा एमालेको केन्द्रीय सदस्य सुशीला नेपाल, नेताहरू माधव पौडेल, हरिकृष्ण व्यञ्जनकारलगायतका जिल्ला र विभिन्न कमिटीका पार्टी सदस्यले पुष्पगुच्छा अर्पण गरेर अन्तिम श्रद्धाञ्जली अर्पण गरे। सुशीला नेपालले कम्युनिस्ट पार्टीको झन्डा ओढाइन्। 'सायद, यस्ता छोरी कमैको भाग्यमा लेखिएका हुन्छन्,' एमाले केन्द्रय सदस्य एवं सभासद् नेपालले भनिन्, 'छोरा नभए मुक्ति पाइँदैन भन्नेहरूका लागि यो नै हो उदाहरण।'

आमाको अन्तिम संस्कारमा छोराले गर्नुपर्ने सबै कर्म छोरीले नै गरे। हाम्र समाजमा छोरीले कर्म गर्न हुँदैन छोरा नै चाहिन्छ भन्नेहरूका लागि छोरीहरूले नै पाठ पढाउन सुरु गरे। ललितपुरको अत्यन्तै दुर्गम स्थान आस्राङ जहाँ छोराविना छोरीले गरेको कर्मको विरोध हुने गर्दछ। त्यहाँ नै छोरीहरूले सबै कर्म गर्न तयार भएपछि पुरोहित पनि हिच्किचाएका थिए। 'हाम्रो समाजमा छोरीले कर्मकाण्ड गर्न मिल्दैन, मलाई पनि समाजले अप्ठ्यारो पार्छ,' पुरोहित चन्द्रप्रसाद अधिकारीले भने, 'तर, समाजका अगुवाहरूको छलफलपछि तपाईंलाई कुनै अप्ठ्यारो पर्दैन भनेपछि मात्रै मैले कर्मकाण्डी पूरा गराउने काम सुरु गरें।' आफू पनि यही समाजमा बस्नुपर्ने र समाजले नै घृणा गर्छ कि भनी चिन्ता गर्ने अधिकारीजस्ता पुरोहितहरूले पनि शोकमा परेकाले नै किरिया गर्ने हो भन्न थाले। उनले यो काम पछि आफूलाई अन्य छोरा नहुनेहरूलाई छोरीले नै काम गर्न मिल्छ भन्न बाटो खुलेको धारणा राखे।

जीवनभर आमालाई स्याहार-सुसारमा आफूलाई समर्पण गराएका ती छोरीहरू जत्तिको शोकमा अरू कोही नहुने भएकाले पनि शोकमा परेकाले नै किरिया गर्ने निर्णय लिएको नारायण बताउँछन्। 'हाम्रो समाजमा छोरा नहुँदा अरू नै व्यक्तिलाई किरिया बसाउने परम्परा हुँदा शोक नै नभएकालाई किरिया बसाउँदा दुःख दिएजस्तो हुने गरेको छ,' नारायणले भने, 'मेरा छोरीहरूले नै आमाको देहान्तपछि सबैभन्दा बढी शोक गर्ने हुँदा उनीहरूले नै किरिया गर्नु उपयुक्त हुने धारणा राखेपछि समाजका अन्य मानिस र पुरोहित पनि सहमत भएका हुन्।' नारायणले आफ्नो जीवन संगिनीलाई सधैं असाध्यै मायाका साथ स्वास्थ्य अवस्था जटिल भइरहँदा उपचारमा कुनै कन्जुस्याइँ गरेनन्।

मृत्युपश्चात् गरिने काजकिरियाका विषयमा हाम्रो समाजमा अझै भ्रम छ। छोरीहरूले काजकिरिया गर्न नहुने भ्रम अझै छ। बिस्तारै तोड्ने काम सुरु भए पनि हिच्किचाहट पनि यथावत् छ। तर, शुभद्रा र नारायणका छोरीहरूले यस्ता धेरै भ्रमलाई चिर्ने काम गरे। समाजलाई बाटो देखाउने यी पथप्रदर्शक र प्रेरक चेलीहरूले दागबत्ती दिँदा मञ्जु र अञ्जु मात्रै भए पनि घर पुगेपछि अर्की सरिताले पनि आफू किरिया बस्ने बताइन्। सबैभन्दा कान्छी बहिनीबाहेक तिन दिदी-बहिनीले किरियापुत्रीको रूपमा दैनिक ढिकुरोमा पूजा गरे। आमाको आत्माको शान्तिको कामना गरेर एक छाक खाए। भेट्न र बोलाउन आउने पारिवारिक आफन्तहरूले सान्त्वना र समवेदनाभन्दा उनीहरूले यो समाजलाई देखाएको बाटोको प्रशंसा पनि गरे।

नारायण तिमल्सिना एमालेका पुराना पार्टी सदस्य, जिल्ला कमिटीका स्पष्ट वक्ता। उनकी जीवन-संगिनी एमालेको संगठित सदस्य थिइन्। 'उहाँ पनि नेकपा एमाले र कम्युनिस्ट पार्टीको सिद्धान्त, जीवनशैली, विचार आदिको राम्रो जानकार हुनुहुन्थ्यो,' एमाले ललितपुरका सदस्य अमृतनाथ तिमल्सिनाले भने, 'पार्टी भूमिगत हुँदाताकाको एउटा इमानदार सेल्टरदाता दाहालको यो अवसानले मलाई रिक्तता देखाएको छ, उहाँ मेरो पारिवारिक नातेदार पनि हो।' पछिल्लो समय साँढे दुई वर्षदेखि शुभद्रालाई क्षयरोगले सताएको थियो।

'यो समाजका प्रेरक चेली जसले यो समाजलाई बाटो देखाएका छन्,' एमाले ललितपुरका सदस्य अमृतनाथ तिमल्सिनाले भने, 'उनीहरूले देखाएको बाटोकै प्रेरणामा आफूलाई पनि उभ्याउने हरेक भेट्न र जानेहरूले प्रण गरेर नै फर्किएका छन्।' मञ्जु, अञ्जु र सरिता पनि आमाले धेरै समय दुःख पाएर यो अनित्य जिन्दगीबाट बिदा भएकोमा दुःखित नै भए। तर, उनीहरूलाई थाहा छ, हरेक मान्छे मरणशील छ अझ रोगले ग्रस्त बनाएपछि मान्छेको मृत्यु अवश्यम्भावी छ। तर, आमाको अन्तिम अवस्थासम्म उनीहरूले जसरी आमाको स्याहारमा समय दिए। आमाको स्वर्गारोहणपछिका कर्महरूमा जसरी आफूलाई उभ्याए, त्यसप्रति पनि गौरव नै गरिरहे। प्रेरक चेलीहरूको यो अभियानलाई सम्मान। छोरा मात्रै खोज्ने समाजले यसैबाट पाठ सिकून्। शोकाकुल परिवारमा समवेदना।

# माछाले फेरेको जीवन



**रुद्र सुवेदी**

बर्दिया सोह्रहवा-२ जगतपुरकी पार्वती रिजाल केही वर्षअघिसम्म सामान्य गृहिणी किसान थिइन् तर आजकल उनको परिचय माछा उद्यमी महिलाको रूपमा हुने गरेको छ। सामान्य र परम्परागत खेतीमा रमाउँदै आएको उनको ६ जनाको परिवार अहिले गाउँकै माछा उद्यमीको रूपमा चिनिन्छन्।

त्यसो त उनको यो परिचयको सुरुआत २०६४ सालबाट सुरु भएको उनी बताउँछिन्। सामान्य परम्परागत खेती गर्दै आएका उनी र उनको परिवार लघु उद्यम व्यावसायिक तालिममा सहभागी भएदेखि परिवर्तन हुँदै हालको अवस्था पुगेको भने केही वर्ष मात्र भएको छ। पहिला धान र गहुँ मात्र खेती हुने जमिनमा अहिले वर्षको दुई पटक माछा निकालेर बेच्दा झन्डै पाँच गुणा बढी आम्दानी हुने गरेको छ।

उन्नति लघु उद्यमी समूहकी अध्यक्षसमेत रहेकी उनले रिजाल मत्स्य नर्सरी तथा खाने माछा उत्पादन फर्मका नामले ०६५ देखि ५ कट्ठा जमिनमा पोखरी बनाई माछा पाल्न सुरु गर्दै अहिले एक बिघा १० कट्ठामा माछा पालन तथा भुरा उत्पादन गर्दै आएकी छन्। उनले सुरुका केही वर्ष अरूको पोखरी भाडामा लिएर पनि माछा पालिन् तर अहिले भने आफ्नै पोखरीमा आफ्नै व्यवसाय सञ्चालन गर्दै आएकी छन्।

अस्ट्रेलिया सरकारको सहयोग यूएनडीपी नेपाल र नेपाल सरकारद्वारा सञ्चालनमा रहेको लघु उद्यम विकास कार्यक्रममार्फत जिल्लामा गरिबी न्यूनीकरण र उद्यमशीलता विकासका लागि जिल्ला लघु उद्यमी समूह संघ बर्दियामार्फत पार्वतीजस्ता गृहिणी किसानलाई व्यावसाय सञ्चालनको तालिम दिइँदै आएको छ।

'सुरुका दिनमा अति नै अप्ठ्यारो भयो पछि बिस्तारै-बिस्तारै काम पनि सिकियो, सजिलो पनि हुन लाग्यो,' पुराना दिन सम्झँदै उनले भनिन्, 'पहिला समूहमा आबद्ध भएँ, बिस्तारै व्यवसाय सञ्चालनको तालिममा भाग लिएर पहिला पाँच कट्ठामा पोखरी बनाएर माछा पाल्न सुरु गरें, पछि बिस्तारै बढाउँदै लगेर अहिले डेढ बिघामा पोखरी बनाई माछा पाल्न सुरु गरेकी छु।' उनले माछाका लागि आवश्यक पर्ने दाना, घाँस, पिना र नियमित हेरचाह गर्नका लागि अन्य खेतीसरह नै समय दिनुपर्ने बताइन्। एक बिघाको पोखरीमा व्यावसायिक माछा पाल्नुको साथै १० कट्ठाको पोखरीमा भुरा उत्पादन गरेर बिक्री गर्दै आएकी छन्।

उनले पाँच कट्ठाबाट पोखरी बढाउँदै १० कट्ठामा पुऱ्याउँदै अरूको पोखरीसमेत भाडामा लिएर व्यवसाय सञ्चालन गरेर कमाएको पैसाले १० कट्ठा जमिन किनेर अहिले आफ्नै पोखरी, आफ्नै व्यवसाय सञ्चालन गर्दै आएकी छन्। उनले पाँच वर्ष अरूको पोखरी ठेक्कामा लिएर दुई छोरीलाई स्नातकसम्म र एक छोरालाई प्लस टुमा पढाइरहेकी छन्। आफ्नो ६ जनाको परिवार रहेकोमा जेठी छोरीको विवाहसमेत गरिसेकेको उनले बताइन्।

उनले लघु उद्यम विकास कार्यक्रमले व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न खालका तालिम दिनुको साथै माछा झिक्नका लागि आवश्यक पर्ने जाल, पोखरीमा पानी हाल्नका लागि होन्डा मिसिन तथा बेला-बेलामा आवश्यक पर्ने सरसल्लाह पाएकाले आफू सफल हुन सकेको दाबी गरिन्।



उनले माछाबाट मात्रै वर्षको दुई सिजनमा गरी सबै खर्च कटाएर ३ देखि ४ लाखसम्म आम्दानी गर्ने गरेको बताइन्। माछाको भुरा उत्पादनबाट आम्दानी राम्रै हुने भए पनि यति नै आम्दानी हुन्छ भन्न नसक्ने बताइन्। माछाको सिजनमा नेपालगन्ज, गुलरिया, कोहलपुर, खजुरालगायतका ठाउँबाट व्यापारी माछा किन्न पोखरीमै पुग्ने गरेको र पोखरीबाट माछा झिक्नका लागि स्थानीय सिकारीलाई प्रतिकिलो १० रुपैयाँमा ठेक्का दिने गरेको बताइन्।

उनले चरा, सर्प र स्याल माछाका लागि सत्रु भए पनि त्यसबाट भन्दा पनि अचानक लाग्ने रोगले माछा मर्दा सिजनकै व्यापार चौपट पनि हुने गरेको बताइन्। उनले जस्तै सोही समूहमा आबद्ध रहेकी तारा सुवेदीले एक बिघामा माछा पालन गर्दै आएको बताइन्।

उनले एक सिजनको करिब ७५ हजार र वर्षको डेढ लाखसम्म आम्दानी गर्ने गरेको बताइन्। भुरी थारुले १० कट्ठामा लोहनी थारूले ६ कट्ठामा माछा खेती गर्दै आएका छन्। उनीहरूले पनि पार्वतीले जस्तै व्यावसायिक माछा खेती गर्ने सुरमा भए पनि आवश्यक जमिनको अभावले सानो पोखरीमा नै चित्त बुझाउनुपरेको बताए।

लघु उद्यम विकास कार्यक्रम (डिमेगा) बर्दियाका व्यवसाय विकास परामर्शदाता लक्ष्मी ज्ञवालीले पार्वतीजस्ता लघु उद्यमी महिलाहरूको मेहनत र लगनशीलताले बर्दियाको स्वरूप नै फेरिएको दाबी गरिन्। उनले सोहर्हवामा १०-१० जनाको ४० ओटा विभिन्न व्यवसाय सञ्चालन गर्ने समूह रहेको जानकारी दिइन्।

स्वास्थ्य

# थाइराइड र मधुमेहको यसरी गरौं उपचार



**डा. दीपेन्द्र कार्की**

पछिल्ला वर्षहरूमा नेपालमा थाइराइड तथा मधुमेहका रोगीहरू दिन प्रतिदिन बढेका देखिन्छन्। पहिले-पहिले उचित परीक्षण नभएर र जनता स्वास्थ्यप्रति सचेत नभएका कारण अस्पतालहरूमा यी रोगीहरू आउन नसके पनि हिजोआज भने यस्ता रोगीहरूको घुइँचो लाग्ने गरेको छ। थाइराइड र मधुमेह रोगले दीर्घकालमा मानव जीवनलाई धेरै थरी असर पुऱ्याउने कारण यी रोगप्रति सचेतना बढ्दै गएको रोगसम्बद्ध विज्ञहरू बताउँछन्।

### के हो थाइराइड ?

गोसाइकुण्ड स्वास्थ्य सेवा केन्द्रमा कार्यरत डा. दीपेन्द्र कार्की भन्छन्, 'घाँटीको अगाडिपट्टि मुनितिर एउटा ग्रन्थी हुन्छ थाइराइड ग्लान्ट, त्यसले हर्मोन बनाउँछ। टी-थ्री र टी-फोर भन्ने त्यो हर्मोनले शरीरको एक्टिभिटिजहरूलाई कन्ट्रोल गर्ने काम गर्छ। त्यो हर्मोन गन्थीले कहिलेकाहीं कम वा बढी बनाउने दुई प्रकारको समस्या हुन्छ।' उनी भन्छन्, 'जस्तो टी-थ्री र टी-फोर भन्ने हर्मोन कम बनायो भने त्यसलाई हाइपो थाइरोडिजम भनिन्छ।'

डा. दीपेन्द्रका अनुसार अर्कोमा चाहिँ टी-थ्री र टी-फोर भन्ने हर्मोन बढी उत्पादन हुन्छ। त्यसलाई हाइपर थाइराइडिजम भनिन्छ। उनको अनुभवअनुसार नेपालको




सन्दर्भमा धेरैजसो कम अर्थात् हाइपो थाइरोडिजम देखिएको छ। ग्लान्टले कम हर्मोन प्रोडक्सन गर्ने अवस्था देखिएको छ।

### किन हुन्छ थाइराइड ?

थाइराइड हुने विविध कारण रहेको डा. दीपेन्द्रको अनुभव छ। भन्छन्, 'पहिला-पहिला आयोडिनको कमीले यो देखिन्छ भन्ने थियो। तर, आजकल सबैले आयोडिनयुक्त खाना नै खान्छन्, खाँदा पनि किन हुन्छ त त्यो?' रिसर्च हुन नसकेको उनी बताउँछन्। उनी भन्छन्, 'हाम्रोजस्तो देशमा धेरैजस्तो अवस्थामा हाम्रै शरीरले त्यो एन्टीबडीहरू बनेर थाइराइड ग्लान्टलाई डिस्ट्र्याई बनाएर हर्मोन बनेको हो कि भन्ने देखिन्छ। तर, कारण यही हो भन्नचाहिँ गाह्रो छ। तर पनि अहिलेको अवस्थामा विभिन्न केमीकलयुक्त खानपान पनि एउटा कारण हुन सक्छ।'

### थाइराइडको उपचार

डा. दीपेन्द्र भन्छन्, 'थाइराइडको लक्ष्यण देखियो भने हामी टेस्टहरू गराउँछौं। त्यसमा हाइपो वा हाइपर थाइराइड भएको देखियो भने हाइपो थाइरोइडिजमको उपचार भनेको थाइराइड सप्लिमेन्ट गर्ने हो। सरलमा भन्दा थाइराइड हर्मोन जुन ग्रन्थीले बनाउनुपर्ने हो त्यही नै ट्याब्लेटको रूपमा थाइराइड हर्मोन दिने हो।' भन्छन्, 'त्यो जुन शरीरले बनाउनुपर्ने हो त्यही दिन्छौं।' जसमा विभिन्न चरण हुने उनी बताउँछन्। १२.५ देखि लिएर १०० भन्दा बढी पनि हुन्छ। डा. दीपेन्द्र भन्छन्, 'जस्तो टेस्ट लिँदा कत्तिको सिभियर छ रोग त्योअनुसार डोज मिलाएर दिने गर्छौं हाइपोको लागि।'

त्यसैगरी, हाइपर थाइराइड दुई प्रकारले हुने उनी बताउँछन्। एउटा ग्लान्टलाई चोट परेर भएको जुन स्टोक थियो त्यो धेरै फालेर हुन्छ। अर्को ग्लान्टलाई नै बढी सक्रिय पारेर उपचार गराइन्छ। उनी भन्छन्, 'यदि, त्यो नष्ट भएर धेरै निस्किएको छ भने त्यसलाई केही उपचार गर्नुपर्दैन। तर, ग्लान्टले नै बढी बनाएको छ भने त्यसलाई रोक्न उपचार गर्न सकिन्छ।' थाइराइड स्क्यान भन्नेले कुनचाहिँ प्रकारको थाइराइड हो पत्ता लगाउँछ त्यहीअनुसार उपचार गरिने उनी बताउँछन्।

### थाइराइडका मुख्य लक्ष्यण

मान्छेमा खाना रुचि नहुने, तैपनि मोटाउँदै जाने, डिप्रेसन हुने, अत्यधिक थकान हुनु, कपाल झर्नु, कोलेस्टोरल बढ्नु, महिनावारी गडबढ हुनु, बाँझोपना हुने, खुट्टा सुन्निनु,अत्यधिक दिशा लाग्नु, घाँटी सुक्खा हुनु, मुटुको चाल बढनु, शरीर झमझम गनु, अल्छी हुने, धेरै काम गर्न मन नलाग्ने, महिलाहरूको बेला धेरै रगत बग्नु, जाडो सिजनमा छालाहरू बढी फुट्ने आदि यस रोगका मुख्य लक्ष्यण भएको डा. दीपेन्द्र बताउँछन्।

### थाइराइडको समयमै उपचार नभए के हुन्छ ?

शरीरको सबै अंग चलाउने हर्मोनको कन्ट्रोल यसले गर्ने भएकाले सबै सिस्टममा पछि यसले असर गर्ने डा. कार्की बताउँछन्। भन्छन्, 'यसको असरको रूपमा नराम्रा खालका डिजिज देखा पर्न सक्छन्।' तर, समयमा यसको पहिचान भयो र सप्लिमेन्ट औषधि हामीले गर्न सक्यौं भने त्यसले शरीरलाई धेरै फाइदा पुग्ने उनी बताउँछन्।

### थाइराइड रोगीले के खाने के नखाने ?

यस रोगमा खासै केही बारिरहनुपर्ने चिज नभएको डा. दीपेन्द्र बताउँछन्। तर, बन्दा कोबी, मूला, सलाद आदि खायो भने थाइराइड रोक्ने तत्त्वहरू कम हुन्छ भन्ने पनि छ। तर, यस रोगीका लागि यो वा त्यो खानोस्/नखानोस् हामी भन्दैनौं।

### मधुमेह के हो ?

डा. दीपेन्द्र भन्छन्, 'रगतमा चिनीको मात्रा बढी भयो भने त्यसले शरीरमा नकारात्मक असर देखाउँछ। जसलाई मधुमेह भनिन्छ।' मधुमेह रोग शरीरमा एउटा पेन्क्रियाज ग्रन्थी हुन्छ त्यसले इन्सुलिन बनाउँछ। इन्सुलिनको काम खाना खाइसकेपछि खाएको कुरा रगतमा परिणत गर्ने हुन्छ ग्लुकोजलाई युज गर्छ। इन्सुलिनको काम त्यो ग्लुकोजलाई हरेक कोषिकाले इनर्जीको रूपमा लिन मद्दत गर्छ। मधुमेह भन्ने रोगमा कि त इन्सुलिन नर्मल रूपमै बनिरहेको हुन्छ कि त कम बनाउँछ। त्यो आधारमा दुई प्रकारका डाइविटिज भन्छौं, हामी। पहिलोमा कि प्यान्क्रियाजले थोरै मात्रामा इन्सुलिन बनाउँछ। या त बनाउँदै बनाउँदैन। जसले गर्दा शरीरले ग्लुकोज प्रयोग गर्न सक्दैन। त्यसकारण त्यो समस्या देखा पर्दछ। दोस्रो खालको डाइविटिजमा शरीरले इन्सुलिन बनाउँछ। तर, इन्सुलिन शरीरले प्रयोग गर्न सकिरहेको हुँदैन। त्यसलाई जेस्टेस्टनल डाइविटिज भनिने उनी बताउँछन। यो विशेष गरी गर्भ अवस्थामा हुने डा. दीपेन्द्र बताउँछन्।

### मधुमेह भएको कसरी थाहा पाउने ?

सामान्यतया धेरै तिर्खा लाग्नु, धेरै खान मन लाग्नु, पिसाब बढी लाग्नु, कमजोरी आलस्य र थकान महसुस हुनु, घाउचोट निको हुन धेरै समय लाग्नु, दृष्टि धमिलो हुने र हातगोडा पोल्ने, मान्छेमा अरू रोग नभए पनि तौल घट्दै जानेलगायत लक्षण देखिए डाइविटिज भएको हुन सक्छ।

### मधुमेह र अन्य रोगबिच सम्बन्ध

अरू रोगसँग मधुमेहको सम्बन्ध हुन्छ भन्ने हुँदैन। तर, डाइविटिज रोग सँगसँगै अरू रोग पनि भए बढी नकारात्मक असर हुन सक्ने डा. दीपेन्द्र बताउँछन्। डाइविटिज पुरै सञ्चो भइहाल्ने रोग नभएको पनि डा. दीपेन्द्रले बताए। यसलाई औषधि खाएर वा इन्सुलिन लिएर कन्ट्रोलमा राख्न सकिने उनले बताए। 'औषधि खाने अनि निको हुन्छ र छाड्ने भन्नेचाहिँ सामान्यतया हुँदैन,' उनले भने।

### मधुमेहको उपचार पद्धति

डाइविटिज टाइप वान र टु भन्ने छ। टाइप वान जसको इन्सुलिन नै बन्दैन। त्यसको उपचार पद्धति भनेको हामीले इन्सुलिन दिनुपर्ने डा. दीपेन्द्रले बताए। टाइप टु डाइविटिज भनेको सामान्यतया ४० वर्षभन्दा पछिको मान्छेलाई लाग्ने गर्दछ। यसमा मुखबाट खाने ट्याब्लेट दिनुपर्छ कि इन्सुलिन दिनुपऱ्यो।

### मधुमेहका बिरामीलाई सल्लाह

बिरामीहरूलाई सुगर अथवा चिनी रोग भनेर डराउनुपर्ने र एकदमै नराम्रो असर गर्छ भन्ने जुन जनमानसमा डर फैलिएको छ। त्यो सत्य भएको डा. दीपेन्द्र बताउँछन्। तर, यसले बिस्तारै गरेर असर गर्ने उनी बताउँछन्। त्यही भएर आफूलाई लक्षण देखिएको खण्डमा तुरुन्तै उपचार गराउनुपर्ने उनी बताउँछन्। गोसाइँकुण्ड स्वास्थ्य केन्द्रमा कार्यरत उनले सो संस्थामा आउने सबै बिरामीका लागि सहज परामर्श र उपचारका लागि सदैव सहयोग गर्न तत्पर रहेको पनि जानकारी दिए।

*(कुराकानीमा आधारित)*

# संवेदनाका गायक भक्तराज



● टीका भण्डारी

*जति चोट दिन्छौ देऊ मायालु मुटुभित्र साँचेर राख्ने छु*
*जति आँसु दिन्छौ देऊ मायालु दुई आँखाबाट झार्ने छु*

यस्तै मानवीय संवेदनाका गीत गाउने लाखौंका प्रिय गायक हुन्, भजन शिरोमणि भक्तराज आचार्य । यो उनकै कालजयी गीत हो जुन आज पनि उत्तिकै श्रोताको अनुरोधमा बज्ने गर्छ, रेडियोबाट । तर, यस्ता कालजयी र अजम्बरी गीत गाउने ती गायक यस बेला कहाँ छन्, कसरी दिन बिताउँदै छन् भन्ने कुरा सायदै धेरैको जानकारीभन्दा बाहिर छ । उनी गुपचुप एकान्तमा छन् । उनको गायन शक्ति नै कसैले खोसेको छ, उनको अजर-अमर जिब्रो नै कसैले लुछेको छ । उनले जीवनमा न कुनै गल्ती गरेका हुन् न त अपराध नै, केवल राष्ट्रलाई सयौं वर्ष पुग्ने आधुनिक, भजन, स्वदेश गान गाएका हुन्, त्यति नै सफल संगीत पनि गरेका हुन् । त्यसकै राप-ताप सहन गर्न नसक्ने र सफलताको सिँढी उक्लिएको देख्न नचाहने समूहको सिकार बने आखिर । विडम्बना, कुनै पापी आयो नेपाली संगीतमा जसले कालजयी र अजम्बरी भनिएको उनको जिब्रो छिनभरमा चुँडेर लग्यो । यही कारण २०४६ सालदेखि आजसम्म उनी ठुलो पीडामा बाँचेका छन् । त्यो बेलादेखि आजसम्म उनको पेटमा अन्न परेको छैन । दुध र फलफूलको रसको भर छ । हिजो उनको गायन शक्तिको राप-ताप हुँदा सञ्चारमाध्यम र आफ्ना भनिनेहरू घर तथा स्टुडियोमा भेट्न लर्को मारिरहेका हुन्थे, त्यो अवस्था पनि आज छैन । २०३० देखि २०४६ सालसम्म केवल १५ वर्षको अन्तरालमा रेडियो नेपालमा गाएका उनका अमर गीतले नै प्राण दिइरहेका छन् । ती गीत-संगीतप्रति अगाध आस्था राख्ने लाखौं संगीतप्रेमीको माया र स्नेहले जीवन ऊर्जा थपिरहेको छ । नेपाली संगीतका उज्ज्वल तारा उनका सुपुत्रद्वय सत्यराज, स्वरूपराज र प्राणप्यारी श्रीमती सुशीला आचार्यकै न्यानो सामीप्यता, साथ र प्रेमले मात्र बाँचिरहेका छन् । उनै महान् गायक, संगीतकार एवं भजन शिरोमणिप्रति आजको लेख समर्पित छ ।

**जीवन संघर्ष**

गायक भक्तराज आचार्यको जन्म १९९९ साल असोज १६ गते धनकुटाको कुरुले तेनुपा गाउँमा माता रेणुका आचार्य तथा पिता बलभद्र आचार्यका पुत्रका रूपमा भएको हो । उनका दुई सन्तान सत्यराज आचार्य र स्वरूपराज आचार्य हुन् । दुवै नेपाली संगीत क्षेत्रका प्रिय गायक हुन् । दुवै वैवाहिक जीवनमा प्रवेश गरिसकेका छन् । सन्तानका अभिभावकसमेत भइसकेका छन् । भक्तराजकी श्रीमती सुशीला आचार्यसमेत कुनै बेला रेडियो नेपालकी कर्मचारीका रूपमा थिइन् । भक्तराजले आफ्नो करिअर निर्माणको क्रममा इल्लाहवाद भारतबाट शास्त्रीय संगीतमा 'संगीत प्रभाकर' गरेका छन् भने यता आईएसम्मको अध्ययनसमेत पूरा गरेका छन् । २०३१ देखि २०६१ सालसम्म उनी रेडियो नेपालमा गायकको रूपमा नै लामो समय जागिरे जीवन बिताएका हुन् । यस बिचमा उनी सांगीतिक कार्यक्रमको सिलसिलामा भुटान, चीन, उत्तर कोरिया, बर्मा, यूएई, जर्मनीलगायतका देशमा आफ्नो गायन प्रस्तुत गरिसकेका छन् ।

भक्तराज सानै उमेरदेखि गीत गाउने गर्दथे, कुनै राम्रो रचना भेटे भने त्यसमा धुन हालेर गीत बनाएर गाउनेसमेत गर्दथे । तर, उनको मनभित्र न गायक बन्ने सपना थियो न त संगीतकार नै । जीवन संघर्ष गर्ने क्रममा भक्तराज भारतको डुवर्स पुगे । त्यहाँ साँच्चिकै जीवन संघर्ष गरे उनले आफू र परिवार पाल्नका लागि । उनी स्थानीय स्टेजहरूमा गीत गाउँथे । यतिकैमा एक कार्यक्रममा नेपालबाट कार्यक्रम गर्न गएका माणिकरत्नजस्ता दिग्गज गायकको आँखामा पर्छन्, उनी । माणिकले त्यस्तो आवाज भएको गायक त्योभन्दा अघि कहिल्यै काठमाडौं बाहिरको भ्रमणमा देखे भेटेका थिएनन् । भक्तराजको आवाज सुन्नेबित्तिकै उनले सिधै दायाँ-बायाँ नगरी काठमाडौं आउन निम्तो दिए । आफ्नो आवाजको बारेमा खुलेर नेपाली संगीतका कुनै दिग्गज कलाकारले प्रशंसासँगै काठमाडौं नै आउने निम्तो गरेपछि भक्तराजमा पनि आत्मविश्वास र साहस जुट्यो, उनी काठमाडौं आएर रेडियो नेपालमा स्वर परीक्षा दिए, सफलता प्राप्त गरे । २०३० सालमा रेडियो नेपालले आयोजना गरेको राष्ट्रिय गीत प्रतियोगितामा संगीतकार अम्बर गुरुङको रचना संगीतमा गाएको 'होसियार' बोलको गीतबाट यिनले प्रथम उत्कृष्ट गायकको पुरस्कार पाएपछि नै यिनको जीवनले कोल्टे फेर्‍यो । त्यसपछिका दिनमा आफ्नो गायन कला, प्रतिभा, क्षमता, अध्ययन र अभ्यासलाई स्तरोन्नति गर्दै यी अजर श्रष्टाले आफ्नो सांगीतिक जीवनको १५ वर्षको अवधिमै ४ सय ५० जति गीत गाए । उनको गायन ख्यातिकै कारण आचार्य नामक एक स्तरीय नेपाली चलचित्रसमेत निर्माण भइ प्रदर्शन भइसकेको छ, जसले धेरैको मन लुट्यो । उनकै पहिलो सन्तान सत्यराजले पिता भक्तराजको जीवन अभिनय गरेर धेरैको मन छोए ।

**आनीबानी र सांगीतिक स्वभाव**

गायक भक्तराज आचार्य एक अत्यन्त सफल र कालजयी संगीतकार पनि हुन् । उनले संगीत गरेका गीतहरू आमसंगीतप्रेमी श्रोतामाझ लोकप्रिय छन् । रेडियो नेपालको श्रोता अनुरोध र फर्माईसी गीति कार्यक्रममा सयौं पटक श्रोताले रोजाइमा सुन्ने गरेका छन् । कतिपय संगीतका नवोदित प्रशिक्षार्थीले तिनै गीत गाएर स्वर परीक्षा दिने गरेका छन् । आफ्ना गीतहरू प्रायः सबै आफै संगीत गर्ने, त्यसको संगीत संयोजन पनि गर्ने, वाद्यवादकहरूलाई गीतको इन्टरल्युट, प्रिल्युट र काउन्टर म्युजिक अनुसारका सुहाउँदिला धुन सिर्जना गर्ने, गीतमा प्रयोग हुने कर्ड्सबारे गहन हेक्का राख्ने, सुरताल, लय, मिठास र पकडमा गहिरो गरी ध्यान पुर्‍याउने गर्दथे उनी । उनको संगीत श्रवण शक्ति यस्तो थियो कि २४ ओटा वाद्ययन्त्र बजिरहेको स्टुडियोमा उनी मग्न भएर गीत गाइरहेका हुन्थे । त्यसमा कुनै वाद्यवादकले सानु मात्र नोट तलमाथि गरेमा, छुटेमा, या बेसुर बजाएमा तुरुन्त गाउन रोक्थे र फलानोले नोट मिस गर्‍यो भन्थे । अर्थात्, उनी मन-मस्तिष्क र श्रवण शक्ति एकै पटक परिचालित गर्थे । यो क्षमता सबै गायकमा हुँदैन । सामान्यतया गीत गाउनेले स्वर, ताल, लय, मिठासमै ध्यान दिन्छन् । उनका कुनै गीतमा आधुनिकता कुनै गीतमा शास्त्रीयता र कुनै गीतमा दुवैको फ्युजन र कुनै गीतमा नयाँ प्रयोग उनका सांगीतिक विशेषता हुन् । उनी प्रायः रेडियो नेपालमा स्वराभ्यास गरिरहेका भेटिन्थे, स्टुडियोमा । उनको स्वाभिमानी प्रवृत्तिलाई कसै कसैले अभिमानसँग पनि जोड्थे तर यथार्थमा उनी संगीतमा कुनै किसिमको सम्झौता नगर्ने स्रष्टा पक्कै हुन् । उनी सात सुर अलंकार गरेर मात्र गायन हुँ भन्नेहरूलाई गायक नै ठान्दैनथे, गायकले १२ ओटै सुरमा अलंकार गरेर देखाउनुपर्छ भन्ने गर्थे । उनी संगीतका १२ ओटै सुरमा आरोह-अवरोह र आलंकारिक टेक्निकहरू प्रस्तुत गरेरसमेत आफ्नो गायकी प्रस्तुत गर्थे । उनी पाइन्ट, सर्ट, टोपीमा सजिएर साइकलमा रेडियो नेपाल आउने गर्थे । त्यसो त नेपाली संगीतका हस्तीहरू प्रायः सबै साइकलमै रेडियो नेपाल आउने गर्थे, त्यसबेला । उनी साधारण भएर पनि केही आनीबानीमा क्लिस्ट थिए । प्रस्ट, निर्भिक, शालीन र शिष्ट बोली व्यवहार थियो, उनको । सधैं स्टुडियो साधनामा रमाउथे, उनी । सत्य-स्वरूपका अनुसार पहिले-पहिले उनी घरमा पनि दैनिक ४ देखि ६ घन्टा नित्य रियाजमा नै दिन बिताउने गर्थे, भक्तराज । उनको संगीतमा एकांकीपन या एकोहोरो प्रवृत्ति मात्र सुनिन्नथ्यो, गीतको कम्पोजिसनमा विविधता, गायन प्रस्तुति र गायकीमा विविधता, गीतका बिच-बिचका साना तर महत्त्वपूर्ण धुन निर्माणमा विविधता, टोनिक कर्ड्सको प्रयोजनमा विविधता, रेन्जमा विविधता र रागमा आधारित गीतको बुनोट र संरचना आधार निर्माणमा समेत विविधता प्रस्तुत गर्न उनी सफल र माहिर थिए । यसलाई संगीतमा असाधारण प्रतिभा मानिन्छ, जो भक्तराजको सफलताको राज थियो ।

**भजन शिरोमणि भक्तराज**

भजन शिरोमणि भक्तराज आचार्य नेपाली संगीतप्रेमी श्रोताजनबाट अभिनन्दित एवं सम्मानित व्यक्तित्व हुन् । गायक आचार्यलाई २०५४ सालमा ठिमीको डबली परिवारद्वारा भजन शिरोमणि उपाधिबाट सम्मानित गरिएको हो । यो सम्मान त्यसै प्राप्त भएको होइन उनले आधुनिक तथा भक्ति-संगीतको क्षेत्रमा पुर्‍याएको योगदानको उच्च कदर हो । उनले रेडियो नेपालमा प्रारम्भिक दिनदेखि नै भक्ति-संगीतको रेकर्डमा विशेष ध्यान पुर्‍याएका हुन् जसको परिणाम नै उनका राम्रा भजन रेकर्ड हुन सकेका हुन् र त्यसले श्रोताको मन, मुटु र हृदयमा गहिरो गरी छाप बसाएका छन् । आऊ न आऊ कृष्ण (चेतनदेव), दुर्गे देऊ भक्ति देऊ मलाई (खेमराज केशवशरण), तन, मन, वचनले (पुरुषोत्तम सापकोटा), राम यहीं छन् (राममणि रिसाल), श्रीराम प्रभुको (ठाकुरप्रसाद लुइँटेल), दुर्गे तिमी नै (रुद्रराज आचार्य), सजल सजल यो (राममणि रिसाल), हामी भुलेछौं (राममणि रिसाल), जब मानव हरि (खेमराज केशवशरण), ईश्वर प्रभु नै (रुद्रराज शर्मा), भगवान् दर्शन कसरी (खेमराज केशवशरण), भवसागरमा डुबी (रुद्रराज आचार्य), हे नाथ प्रभु (भैरवनाथ रिमाल) आदि उनका चर्चित भजन हुन् प्रारम्भिक र मध्य चरणका उनले सांगीतिक जीवनको उत्तरार्द्धमा गाएका भजन झनै लोकप्रिय र मन-मनमा बसेका छन्, भक्ति-संगीतप्रेमीहरूको । एक दिन मैले प्रभुसँग सोधें (लक्ष्मण लोहनी), मैले प्रभुको दर्शन (पुरुषोत्तम सापकोटा), या देवी सर्वभुतेषु (पुरुषोत्तम सापकोटा), हे कृष्ण आऊ (माधवराज शर्मा), निषदिन प्रभु (अमृत श्रेष्ठ), सब निदाए (कञ्चन पुडासैनी), अनन्तदेखि बगी), प्रेम प्रभुको (राममणि रिसाल), यो जीवनलाई (कोइलीदेवी), व्यर्थै जीवन बित्यो, लौन अब (केशव लोहनी), दुर्गे भवानी (ठाकुरप्रसाद लुइँटेल), कति लिन्छौ परीक्षा, (श्यामदाश वैष्णव), न धन त्यागेर (राममान तृषित) लगायतका भजन उनले गाएका भक्ति-संगीतमा लोकप्रिय छन् । उनले गाएका ९ सय ५ भजनमा आफै संगीत भरेका छन् भने बाँकी संगीतकार नातिकाजी, दिव्य खालिङ, हुतराज शर्मा, शिवशंकर, कृष्णनारायण, गणेशप्रसाद, हरिबहादुर, फत्तेमान, कृष्णमान, रत्नमान, प्रेमदास प्रकाशले संगीत गरेका छन् । अहिले पनि उनका भजन रेडियो नेपाललगायतका रेडियो माध्यमबाट हरेक बिहान गुञ्जन्छन् ।

**गीतकार, संगीतकारबिच भक्तराज**

गायक भक्तराज आचार्यले आफ्नो गायन करिअरको प्रारम्भिक दिनमा गीतकार किरण खरेल, रुद्रराज आचार्य, पुरुषोत्तम सापकोटा, गोपाल योञ्जन, उत्तम नेपाली, देव बज्राचार्य, द्वारिका आचार्य, मिठा पराजुली, उत्तम श्रेष्ठ, रत्नशमशेर थापा, विष्णुप्रसाद घायल, दिव्य खालिङ, माधवमणिराज भण्डारी, ईश्वरबल्लभ, विदुर खड्काका गीतहरू गाएका छन् । यीमध्ये उनी आफैंले अब भन्नलाई, मलाई प्यार, यो साथ नछुटोस्, हजार आँखा हेर्ने, बिहानीको शीतल, सारा सबै आशा, प्रिय तिम्रो, जति भाग्यमा, तस्बिर उनको, माया मेरी साँझ बनी, मेरो दिल लिएर र मायालु तिमीलाई बोलका गीतहरूमा आफैंले संगीत भरेका हुन् । सुरुआती चरणका गीत, तिम्रा सुखहरू गीतकार (किरण खरेल), मलाई भेट्न (उत्तम श्रेष्ठ), ढल्किरहेछ जुनको (रत्नशमशेर थापा) तिन गीतमा शिवशंकरले संगीत दिएका हुन् भने 'मेरो छेउ कोमल' गोपाल योञ्जनको शब्द संगीत हो । 'मैले रुने र तिमी हाँसिदेऊ' दुई गीत नेपालका प्रसिद्ध एकर्डियन वादकसमेत रहेका मदन परियारले संगीत गरेका हुन् भने 'जस्तो तिमी अजर' र 'कल्पना मेरो' दुई गीत दिव्य खालिङले रचना तथा संगीत गरेका हुन् । यसैगरी, 'कल्पना मेरो' (माधवमणिराज भण्डारी) मा मदन दीपबिम र 'झरिसके आँसु' (रुद्रराज आचार्य) मा गायन हस्ती फत्तेमानको संगीत रहेको छ । यी गीतहरूले गायक भक्तराज आचार्यलाई नेपाली संगीतको क्षेत्रमा कालजयी गायकको रूपमा स्थापित गरायो । चर्चा-परिचर्चा दिलायो । नेपाली संगीतमा एक अब्बल गायकको प्रवेश भएको अनुभूति दिलाउन सफल रह्यो ।

२०३४ देखि २०४० सालसम्म मूलतः रेडियो नेपालमा रेकर्ड भएका गीतमध्ये उनकै संगीतमा सजिएका 'कथा मेरो अतीतको, सबै बेहोसी नशा पिएर, एउटा विरह, भुल्नै सकिन त्यो, यो कथा सुरु, सिम्रिकले धोइएको, तिम्रो मनमा, यतिसम्म प्रीति, आँखाका आँसु, सागर छ गहभित्र, मुटु जलिरहेछ उनको सांगीतिक जीवनकै कोसेढुंगा साबित भएका गीत-संगीत हुन् । यी गीतले उनलाई कालजयी एवं अमर स्रष्टाका रूपमा स्थापित गरेको छ । यसताका उनले अन्य प्रसिद्ध संगीतकार शम्भुजित बाँस्कोटा, शिवशंकर, प्रकाश गुरुङ, सरोज कार्थक, बुलु मुकारुङ, नोर्बु छिरिङको संगीतमा पनि आधुनिक गीत रेकर्ड गरेका छन् भने आफ्नै संगीतमा भजन र स्वदेश गान पनि रेकर्ड गरेका छन् । त्यसबेला उनले गीतकार किशोरप्रसाद शर्मा, सुवाषचन्द्र ढुंगेल, रवि प्राञ्जल, वीरेन्द्र पाठक, प्रदीप उपाध्याय, राम कुँवर, बालकृष्ण सजीव, भूषण खरेल, रवीन्द्र केसी, ईश्वर बल्लभ, पुरुषोत्तम सापकोटा, मोतीराम भट्ट, परशुराम भट्ट, धनेन्द्र बिमल, अमृत श्रेष्ठ, दिनेश अधिकारी, सरोज कार्थक, विनोद ढकाल, हरिभक्त कटवाल, सरोज कार्थक, भीमनिधि तिवारीका रचनाहरू गाएका छन् । यसताका अन्य प्रसिद्ध संगीतकारद्वारा संगीत भएका चर्चित गीतहरू पनि गाए, उनले । ती गीतहरू (जीवन भन्नु त घात छ (रचना- दिनेश अधिकारी, संगीत- नर्बु छिरिङ), सपनीमा आज मैले (स्व. हरिभक्त कटवाल, संगीत- बुलु मुकारुङ), आँखामा केही (रचना- धनेन्द्र बिमल, संगीत- शिलाबहादुर मोक्तान), मायाको परिवेश (रचना- भूषण खरेल, संगीत- प्रकाश गुरुङ), हिँड्दा हिँड्दै (रचना- प्रदीप उपाध्याय, संगीत- शम्भुजित बाँस्कोटा), विश्वासघात (रचना- राम कुँवर, संगीत- चित्र सिकारु), दुई मुटुको माया (रचना- बालकृष्ण सजीव, संगीत- शिवशंकर), कहीं कतै हराएँ (रचना संगीत सरोज कार्थक) रहेका छन् । मुटु जलिरहेछ, जति चोट, हजार सपनाहरूको, जीवन भन्नु त घात छ, प्रिय तिम्रो, सबै बेहोसी नशा, सागर छ गहभित्र, जहाँ छन् बुद्धका आँखा, माया मेरी साँझ बनी, हजार आँखा हेर्ने, किन फेरि माया सम्झी (चलचित्र भाग्य रेखा), आदि उनका अजम्बरी आधुनिक गीत हुन् जसले उनको स्वरको गहिराइ र संगीतको पहिचान बोकेको छ । कुनै भर्खरै बामे सर्दै गरेको नोवोदित गायक होस् या संगीतका उस्तादहरू हुन् तिनका स्वराभ्यास गर्ने गीत प्रायः उनकै संगीतका हुन्छन्, अहिले पनि । किनकि, उनलाई नेपाली संगीतका नयाँ पुस्ता स्वर व्याकरणकै रूपमा मान्ने गर्दछन् ।

**सफल संगीतकारका रूपमा भक्तराज**

यस कालखण्डमा रेकर्ड भएका उनीद्वारा संगीतबद्ध तथा अन्य प्रसिद्ध संगीतकारका संगीतमा सजिएका उनका आवाज अमर र अजर प्रकृतिका छन् । त्यसबेलाको स्वर्णिम युगको समेत प्रतिनिधित्व गर्छन्, ती गीतले । यसैगरी, २०३५ देखि २०४२ सालसम्म रेडियो नेपालमा रेकर्ड भएका उनका गीत सुन्दा जोकोहीलाई लाग्छ (गायनमा जत्तिकै सशक्त हुन् भक्तराज, संगीतकारका रूपमा पनि । उनका संगीत एकपछि अर्को लोकप्रिय बनेका छन्, यस समयमा पनि । केही शास्त्रीयता, केही आधुनिकता अनि केही मौलिकपन यिनको विशेषता नै रह्यो संगीतमा । त्यसताका उनले आफ्नै संगीतमा गाएका गीतहरू 'मेरो गीत' (रचना पनि आफ्नै), मैले काँडाहरूसँग (द्वारिकानाथ खनाल), कोही नगरोस् प्रेम (वीरेन्द्र पाठक), आफ्नो भन्नु (उत्तम श्रेष्ठ), झरना तिमी नझरी, (आफ्नै रचनासमेत), मेरो साधनाको (पुरुषोत्तम सापकोटा), मलाई जीवन चाहिन्छ (नकुलकाजी), पिर्न पो थाल्यो (दिनकर प्रधान), यो जोवन तिम्रै हो (रविराज भण्डारी), नेपाल हाम्रो रखबारी (उपेन्द्रराज प्रेमी), जहाँ रहे नि (रुद्रराज आचार्य) ले नेपाली संगीतको क्षेत्रमा बेग्लै स्वाद, सन्तुष्टि र मानकसमेत निर्माण गर्‍यो । गीति भावमा शुद्धता, शब्दोच्चारणमा शुद्धता, सुर, ताल, लय, गमक, मिड, मुर्छना, मुर्की र मिठासमा बलियो पकड र प्रस्तुतिमा विशेष दखलसहितको प्रभाव सिर्जना गर्न गायक भक्तराज आचार्य जति सफल रहे त्यति नै उनका गीत बेग्लै परिस्कारका साथ आमश्रोतामाझ सफल रहे । त्यसताका गायक भक्तराज आचार्यले संगीत प्रवीण नरराज ढकाल, अम्बर गुरुङ, विष्णुप्रसाद घायल, किरण खरेल, रत्नशमशेर थापा, कञ्चन पुडासैनी, निरविक्रम प्यासी, विश्वबल्लभ, बुद्धवीर लामा, द्वारिकानाथ घायल, वीरेन्द्र पाठक, नकुल काजी, दिनकर प्रधान, रविराज भण्डारी, केशव प्रधान, उपेन्द्रराज प्रेमीका शब्दहरूमा आफ्ना सशक्त आधुनिक सुगम गीतहरू रेकर्ड गरेका छन् ।

गायक आचार्यका आवाजमा राष्ट्रियभावका स्वदेशगानसमेत निकै लोकप्रिय छन्, नेपाली संगीतमा । जहाँ छन् बुद्धका आँखा (डा. बमबहादुर जिताली, संगीत- गायक स्वयं), जन्मेका हामी नेपाली (निरविक्रम प्यासी, सुमनकुमार नेपाली), हामी देशका लागि (रचना- विश्वबल्लभ, संगीत- शिवशंकर), नेपाल हाम्रो रखबारी (रचना-उपेन्द्रराज प्रेमी, संगीत- गायक आफैं), जहाँ रहे नि (रचना- रुद्रराज आचार्य, संगीत- गायक आफैं), होसियार यसबखत (रचना, संगीत- अम्बर गुरुङ) उनका चर्चित स्वदेश गान हुन् । राष्ट्रभक्तिको भाव जगाउन नेपाली संगीतमा यी स्वदेश गान सफल देखिएका छन् ।

**उपलब्धि**

गायक भक्तराज आचार्यले संख्यात्मकभन्दा गुणात्मक कृति निर्माणमा जोड दिएका छन् । धेरै गरेर पछुताउनुभन्दा थोरै, स्तरीय गरेर गौरव गर्नु जाति हुन्छ भन्ने भक्तराजले म्युजिक नेपालबाट समर्पण भाग १ र २ प्रकाशन गरेका छन् जुन गीतले म्युजिक नेपालको सेल्स रेकर्डमा पनि राम्रो स्थान बनाएका छन् । यस्तै 'हजार सपनाहरूको' सीडी एल्बम पनि उत्तिकै श्रोताको रोजाइमा रहेको उनको चर्चित एल्बम हो । यसपछि उनले भजन संग्रह 'समर्पण' प्रकाशन गरे । भक्ति-संगीतमा यस एल्बमको उत्तिकै योगदान छ । त्यसो त उनका मूल कृति भनेकै रेडियो नेपालमा लाइभ रूपमा रेकर्ड भएका गीत संगीत हुन् जुन २०३० देखि २०४६ सालसम्म उनले अनवरत रूपमा रेडियो नेपालमा रेकर्ड गरे । भजन, आधुनिक गीत, स्वदेश गान, बालगीत, चलचित्रको पार्श्व गायन गरी ४ सय ५१ भन्दा बढी गीत उनले रेकर्ड गरेका छन् । यिनै अजर, अमर र कालजयी कृतिको परिणाम नै आज पनि उनी नेपाली सांगीतिक आकाशमा उज्ज्वल दीप बनेर चम्किरहेका हुन् । उनका यी ४ सय ५१ कालजयी कृतिमा ४ सय २५ ओटामा उनी आफैंले संगीतसमेत गरेका छन् । यही कारण आफ्ना कृति आफैं गाएर लोकप्रिय बन्ने स्रष्टाहरूमा अम्बर गुरुङ, नारायणगोपाल, गोपाल योञ्जन, बच्चु कैलाशसँगै यिनको नाम पनि अग्रिम पंक्तिमा आउने गर्दछ, नेपाली संगीतमा । त्यसो त भक्तराज एक सफल गीतकार पनि हुन् । उनीद्वारा रचित गीतहरू यस लेखमै समाविष्ट भइसकेका छन् । यस बिचमा उनले म्युजिक नेपालबाटै गीति क्यासेट, 'भक्तराज आचार्यका आधुनिक गीतहरू' सीडी तथा क्यासेटका रूपमा 'जहाँ छन् बुद्धका आँखा', भजन संग्रह क्यासेट सीडी 'भगवान्' समेत प्रकाशन गरेका छन् । आज पनि भक्ति-संगीतमा यी भजनको लोकप्रियता उत्तिकै छ ।

**पिताका सम्बन्धमा छोरा सत्य-स्वरूप**

गायक पिता भक्तराजको मार्गदर्शन पहिल्याउँदै सुपुत्रद्वय सत्यराज-स्वरूपराज नेपाली संगीतको क्षेत्रमा उदाहरणीय गायकका रूपमा चम्किरहेका छन् । पिताप्रतिको उनीहरूमा जति गहिरो जिम्मेवारी छ, पिताको वर्तमान अवस्थाप्रति त्यति नै गहिरो चिन्ता पनि छ, उनीहरूमा । आफ्नो बुवाको अवस्थाप्रति निकै मार्मिक प्रतिक्रिया दिँदै उनीहरू भन्छन्, 'एउटा खुला जंगलमा निसंकोच र निस्फिक्री गर्जिरहेको सिंह यतिबेला साँघुरो चिडियाखानामा कैद भएर बसेको छ, आवाजसमेत निकाल्न नसक्ने अवस्थामा पुगेको छ तर ऊ सिंह त सिंह नै हो कहिल्यै स्याल हुन सक्दैन, बुवा हामीलाई संगीतबारे विचार मन्थन हुँदा भनिरहनुहुन्थ्यो, संगीत र मेरो सम्बन्ध पानी र माछाजस्तै छ भनेर, अब कल्पना गर्नोस् पानीविना माछा कसरी बाँचेको होला ?' यस भनाइबाटै पुष्टि हुन्छ कि, उनीहरूमा आफ्ना पिताप्रतिको प्रेम, आस्था र श्रद्धाभाव ज्यादै उच्च छ ।

**मेरो विचारमा**

२०४३ सालमा रेडियो नेपाल प्रवेश गर्दाताकादेखि नै मैले उनलाई एक सबल, सफल र विलक्षण प्रतिभा भएका जाज्वल्यमान गायकको रूपमा राम्ररी चिन्ने अवसर पाएँ । त्यसपछि नै रेडियो नेपालमा रेकर्ड भएका उनका लोकप्रिय गीतहरूमा मेन्डोलिन वाद्यवादनमा साथ दिने क्रममा उनको अद्वितीय गायन कलासँग साक्षात्कार हुने अवसर पाएको छु । उनी गायनमा अशक्त र अस्वस्थ भएपछि नारायणगढमा दिनेश सुब्बालगायत हामीले 'भक्तराज आचार्य विविध सांस्कृतिक कार्यक्रम' गरेर केही आर्थिक सहयोग सोही स्टेजमा छोरा सत्यराजको हातमा हस्तान्तरण गरेको पल सम्झिरहेको छु । हामी संगीतकार भूपेन्द्र रायमाझी, टीका भण्डारी, शिशिर क्षत्री र गायिका लोचन भट्टराईसँगै नारायणगोपालले शिर झुकाएर सम्मान अर्पण गरेको त्यो मर्मस्पर्शी पल सम्झिरहेको छु । समग्रमा भन्नुपर्दा भजन शिरोमणि भक्तराज आचार्यलाई संगीत शिरोमणि उपाधि नै राज्यले दिनुपर्छ भन्ने मलाई लाग्छ, किनकि उनी 'लिभिङ लिजेन्ड' का रूपमा नेपाली संगीतमा छन् । जो आधुनिक संगीतमा जति लोकप्रिय छन् उत्तिकै स्वदेश गान, भजन गायन र अन्यमा पनि लोकप्रिय र सुप्रसिद्ध छन्, जोसँग कर्ड्स कम्पोजिसनमा विशेष दखल छ, जोसँग शून्यबाट उठेर शिखर चुमेको जीवन संघर्षको कथा छ, वास्तवमा नेपाली संगीतले यस्ता स्वर्णिम र कालजयी व्यक्तित्व पाउन धेरै वर्ष लाग्ने छ तर त्यस्ता गायक आज जिब्रो काटिएर पीडा र छटपटीमा बाँच्नुपरेको छ, यो विडम्बना उनको मात्र होइन, सिंगो नेपाल र नेपाली संगीतको पनि हो । गायक भक्तराजलाई जसले शारीरिक रूपमा यो अवस्थामा ल्याइपुर्‍यायो ती भने इतिहासबाट कहिले नउठ्ने गरी नामेट भइसकेका छन् । आखिर उनका दुई पुत्र सत्य-स्वरूपले पनि गर्विलो ढंगबाट पिताको बिँडो थामेकै छन्, अझ नयाँ इतिहास रच्ने सुरमा छन्, उनीहरू । असंख्य संगीतप्रेमीहरूको रोजाइमा छन्, देश-विदेशमा पनि ।



# चाँदीको घेराभित्रका जुम्ली रैकला




मनोहर लामिछाने

नरेश भण्डारीद्वारा लिखित चाँदीको घेरा नामक पुस्तक हालसालै बजारमा आएको छ । लेखक भण्डारी एउटा सशक्त जुझारु युवा बुद्धिजीवी, पूर्वसभासद्, नेता आदि जसले जे-जसरी जाने-बुझे पनि सुनखानीमा नुन खोज्ने कर्णालीका कथाव्यथाभित्रका जुम्ली पात्र भने पक्कै हुन् । औल र जुम्लाबिचको लामो र आत्मीय सम्बन्ध हुँदाहुँदै पनि निकट सम्बन्धको अवमूल्यांकन गर्ने औलवासीहरूले तथा राजधानी र आमसिंहदरबारले कर्णालीलाई बुझ्ने र गर्ने व्यवहारको वास्तविक पीडाभित्रको विषपान गर्दा पनि कर्णालीमा मडारिएको कालो बादलको सट्टा चाँदीको घेरा देख्नु लेखकमा रहेको सकारात्मक सोच मान्नै पर्दछ ।

चाँदीको घेरा मूलतः तिन खण्डमा विभाजित देखिन्छ । प्रथम खण्डमा आमाको यादमादेखि सपना मोडिएसम्म उनका स्मरणभित्र सिंगो कर्णाली मात्र बोल्दैन, पहाड क्षेत्रका कतिपय स्थानको यथार्थ चित्रण भएको पाइन्छ । यस्तो नियति र भोगाइ यस क्षेत्रको आमसमस्या हो । साझा हो । घाँस, दाउरा गर्दागर्दै बच्चा जन्मने (पृष्ठ १९) औंसी र पूर्णिमामा गोरुले छुट्टी पाउँथे, मान्छेलाई त्यति सुविधा थिएन (पृष्ठ २०) माइतीको याद दिलाउने नगी (कोसेली, पृष्ठ २५।२६) स्कुलबाट फर्केपछि भैंसी चराउने (पृष्ठ ३१) विधवाको समस्या (पृष्ठ ४४) चैत ११ गतेसम्म जुम्ली नफर्के मरे भनी जान्ने (पृष्ठ ५४) नियति जस्ता स्मृति आमपहाडी क्षेत्रका यथार्थका अन्तरकुन्तरभित्र लेखकले त्यस क्षेत्रको यथार्थता र पीडा पोखिराखेका छन् ।

पुस्तकमा त्यस क्षेत्रमा प्रचलित लोककथा र किंवदन्तीहरूलाई रोचक रूपमा उल्लेख गरेर लोकसाहित्यका अन्वेषकहरूलाई बुझ्न प्रेरित गरेका छन् । जाडोका खुराक शीर्षकमा उल्लेखित लोक कथाले तत्कालीन खस राज्यभित्र हुने घात प्रतिघातजस्ता अन्वेषणयुक्त विरासतलाई ऐतिहासिक अन्वेषणको ढोका खोलिदिएका छन् । यस खण्डमा कर्णालीका वन-पाखा, गाउँ-बस्तीका मार्मिक कथा-व्यथाको चित्रण एवं यथार्थता मात्र नभएर त्यस क्षेत्रको सम्भावना पनि देख्नु लेखक भण्डारीको सकारात्मक सोचको उपज मान्न सकिन्छ । सेतो सुन नदी बनेर बगिरहनु हरियो डलर जंगलमा कुहिरहनु (पृष्ठ ४५) जस्ता सोचले कर्णालीका सम्भावनाहरू पनि प्रशस्त रहेको संकेत गरेको पाइन्छ । यही नै उम्दा सोच हो । सकारात्मक सोच हो ।

दोस्रो खण्ड पृष्ठ ६७ देखि २२० सम्म लेखक स्वयं सरिक भएको माओवादी जनयुद्धदेखि दोस्रो संविधानसभाको चुनावसम्मका गतिविधि (जहाँ लेखक नरेश स्वयं प्रत्यक्ष अप्रत्यक्ष उपस्थित भएका छन्) को सम्झना बिर्सना उल्लेख गरेका छन् । सदियौंदेखिको शोषण, उत्पीडनबाट मुक्ति पाउने आकांक्षाका साथ जनयुद्धको बलिवेदीमा उत्सर्ग गर्न प्रेरित हुँदै जुन उद्देश्यका साथ नेपाली भूमिमा महान् जनयुद्धको सुरुआत भई हजारौंको बलिदानले सिर्जित मुक्ति युद्ध १२ बुँदे सहमतिपश्चात् अवसान वा थाँती रहेका बारेमा लेखकले त्यति प्रस्ट्याएको भए अझ सान्दर्भिक हुने थियो । त्यस्तै, सोही आन्दोलनभित्रका विसंगतिपूर्ण क्रियाकलापलाई चिरफार गरी कमी-कमजोरीको समीक्षा गर्न सकेको भए अझ सच्चाइको निकट पुग्न सकेको मानिन्थ्यो कि ?

जनयुद्धकै क्रममा परम्परागत लोकसाहित्य न हाँसको चाल न बकुल्लाको चाल भएको भन्नेहरू पनि नरहेका होइनन् । यसबारेमा जुम्लाको नेतृत्व सम्हालेका लेखक स्वयंलाई बढी जानकारी होला । परम्परागत बाजा बजाउँदा र नाच्दा जातीय छुवाछूतलाई प्रोत्साहन हुने हुँदा सर्वहारा वर्गको मुक्ति नहुने भन्दै अघोषित प्रतिबन्धले आज सिंजाको सहनाई, सिमीकोटको हुम्ली प्याङ, खत्याडको दमाहा, कालैको हुड्को, लालुको नरसिंहा बजाउने सीप र जाँगर अब क्रमशः लोप हुनै आँट्यो भने बरु अब देउडा र दरी/ढाँचा खेल्ने/गाउने गलाले हाले लुहेका नयाँ हेल्का सुनेका लेखकले यसतर्फ पनि स्वतन्त्र समीक्षा गरेका भए क्या बात नरेश भन्न करै लाग्थ्यो ।

सिंजा र तिलामा धेरै पानी बगिसक्यो । विगतमा कर्णालीका रैकेलाहरूको नेपाल दुनसम्म धावा नबोलेका होइनन् । वीर योद्धाहरूको आश्रय स्थल कर्णालीमा देवसत्ताको चकचकीले देउताको घन्ट र धामीको लटो छुन डराउने मनस्थितिमा त्यस क्षेत्रका अगुवाहरूका अहं भूमिकालाई नकार्न सकिँदैन । त्यो पनि स्वतःस्फूर्त रूपमा आत्मैदेखि परिवर्तनलाई आत्मसात् गराउन प्रयास गर्नै पर्दछ । केही हदसम्म प्रयास भइरहेको पनि पाइन्छ । तर, भाटे कारबाहीका अस्थायी रूपान्तरणले दिगो नहुने ज्ञान त भइसकेको छ । अतः कर्णालीलाई सधैं राज्यले मात्र ठग्यो कि कर्णालीकै स्वनामधन्य ठगहरूको ठग्दै आएका छन्, यसबारेमा छलफल चलाउनु पनि आवश्यक छ । कर्णाली चिसो हावापानीको चिनारी पनि हो । अझैसम्मका तल औलतिरका युवायुवतीहरूले यसरी लोकगीत गाउने गर्दछन् ।

*थाल किन्या बटुकी किन्या, ताउली छ कुम्लैमा ।*
*ठन्डा हावा चिसो पानी, गैजाउ साई जुम्लैमा ॥*

हिउँदमा हिउँ पर्दा हिउँको सांकेतिक नाम (पृष्ठ ९०) जाडोको मापन र लोकोक्ति (पृष्ठ ९४) जानकारीमूलक देखिन्छ भने तुइनका सम्बन्धमा (पृष्ठ १२०) तर्फ हेर्दा बाबियाको डोरीको तुइन यस क्षेत्रको खसकालीन विरासतलाई वर्तमानसम्म पुग्दा पनि धानिरहेको देखियो । पुस्तकमा उल्लेखित रारा र नरेशको संवादले कर्णालीको उज्ज्वल भविष्यको परिकल्पना गर्दै स्विट्जरल्यान्डको पनि स्विट्जरल्यान्ड बनाउन सकिने सुइना (सपना) प्रकट भए पनि आफ्नै सचेत बाबु गमगढीमा जागिरी गर्दासमेत एउटा सचेत जुम्ली धेरैपछि अवसर पारेर रारा पुग्नुले माल पाएर चाल नपाउने जुम्ली प्रवृत्ति हो कि शंका किन नगर्ने ? यदि, लेखक पहिल्यै रारा पुगेका भए कर्णालीमा माओवादी सत्ताको नेतृत्व गर्दा केही बढी योगदान हुन सक्थ्यो कि ? पहिलो संविधानसभाको असामयिक मृत्युमा मलामी बन्न पुगेका लेखक स्वयं कति जिम्मेवार छन्, त्यसभित्रका चलखेलले संविधान बन्न नदिने स्वदेशी-विदेशीहरूको पर्दाफास गर्न सकेको भए आहा क्याबात भन्न सकिन्थ्यो ।

लेखकले तेस्रो खण्डमा कर्णालीका चुनौतीहरूलाई सम्भावनाको आँखीझ्यालबाट चियाउने प्रयास गरेका छन् । पुस्तकको नाम पनि यही खण्डले लिन पुगेको छ । स्वायत्त कर्णालीको माग दाबी गर्दै अनशनसमेत बसी सरकारसँग सम्झौता गर्न पुगेका जुझारु युवालाई काठमाडौं र जुम्लाबिचका पर्याप्त असमानताको आंकलन थाहा भएर नै सिंगो कर्णालीको विकासमा संलग्न गराउँदै उज्यालोको खोजीमा लाग्न प्रेरणा प्राप्त हुन पुग्दछ । त्यस्तै, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाका लागि पापड पेलाइको अनुभूतिले अरूलाई पनि प्रेरणा दिन सक्छ ।

# क्यानको तदर्थ समिति गठन

## सिलवाल अध्यक्ष, चन्द समूह अदालत जाने

**रामसूदन तिमल्सिना/काठमाडौं**

राष्ट्रिय खेलकुद परिषद्ले शुक्रबार नेपाल क्रिकेट संघ (क्यान)मा तदर्थ समिति गठन गरेको छ। शुक्रबार तदर्थ समिति सार्वजनिक गर्दै राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव १२औं सागको सेफ दि मिसनको बैठकका लागि भारत प्रस्थान गरेका छन्।

राखेपले रमेश सिलवालको अध्यक्षतामा १५ सदस्यीय तदर्थ समिति गठन गरेको हो। सिलवाल गोल्डेनगेट कलेजका सञ्चालक हुन्। उनी मदन भण्डारी स्पोर्ट्स एकेडेमीका पूर्वअध्यक्षसमेत हुन्।

परिषद्ले एमाले, एमाओवादी, कांग्रेसलाई समेटेर तदर्थ समिति बनाएको छ। त्यसैगरी समितिमा व्यापारी र खेलकर्मीलाई समेत समावेश गरेका राखेपका सदस्यसचिव केशव विष्टले बताए।

सो समितिलाई आईसीसी, एसीसीले पनि मान्यता दिने उनको दाबी रहेको छ। सो समितिलाई सबै दलले मानेको बताए पनि एमाओवादीबाट समितिमा समावेश गरिएकाहरूले सहमतिविपरीत भएको भन्दै रोष प्रकट गरेका छन्।

तदर्थ समिति गठन गर्नुअघि प्रधानमन्त्री केपी शर्मा ओली र खेलकुदमन्त्री सत्यनारायण मण्डलसँग राय लिई सोहीअनुसार समिति गठन गरिएको विष्टको दाबी रहेको छ।

राखेपले सबैसँग सहमति गरेको भनिएपछि यसले क्रिकेटमा थप विवाद सिर्जना गरेको छ। यसअघि राखेपले स्वीकृति नदिएपछि २९ मंसिरमा भएको क्यानको निर्वाचनबाट चतुरबहादुर चन्दको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ। सो समितिले पनि आफू आधिकारिक र वैधानिक रहेको दाबी गरिरहेको छ। यो विवादले क्रिकेटलाई थप अस्थिरतामा धकेल्न सक्ने देखिन्छ। राखेपले संघको स्वायत्ततामाथि हस्तक्षेप गरेको भन्दै आलोचनासमेत भएको छ। टंक आङबुहाङको समूहले राखेपले सहमतिविपरीत तदर्थ समिति गठन गरेको भन्दै समितिमा नबस्ने बताएका छन्। सो समूहबाट दिपक साउथ उपाध्यक्ष छन्।



तदर्थ समितिका अध्यक्ष रमेश सिलवाल

विवादित निर्वाचनबाट महासचिव बनेका अशोकनाथ प्याकुरेलले परिषद्को शुक्रबारको निर्णयले क्यानलाई ६० वर्ष पछाडि धकेलिदिएको बताउँदै चिन्ता प्रकट गरे। चन्द समूहले अदालत जाने बताइसकेको छ। राखेपका सदस्यसचिव विष्टले अदालत गए पनि आफ्नै पक्षमा फैसला हुनेमा आफू विश्वस्त रहेको बताए।

समितिलाई आईसीसी, एसीसीले पनि मान्यता दिने राखेपको दाबी रहेको छ। सो समितिलाई सबै दलले मानेको बताए पनि एमाओवादीबाट समितिमा समावेश गरिएकाहरूले सहमतिविपरीत भएको भन्दै रोष प्रकट गरेका छन्।

तदर्थ समितिका महासचिव पवनकुमार अग्रवालले भताभुंग अवस्थामा रहेको क्यानलाई व्यवस्थित गर्न तदर्थ समिति गठन भएको बताए।

तदर्थ समितिका उपाध्यक्षमा रवीन्द्र अधिकारी, शैलेश कर्माचार्य र दीपक साउद छन्। यसैगरी सचिवमा पूर्ण लामा छन्।

सदस्यमा भरत केसी, डा. हरिशंकर शाह, ऋतुसिंह वैद्य, दिवाकर पौडेल, निर्वाण चौधरी, विनायक पोखरेल, सुरेशलाल श्रेष्ठ, रञ्जित तामाङ र एलबी क्षत्री छन्।

राखेपले क्यानलाई नया संरचनामा लैजाने तयारी रहेको बताएको भए पनि अन्ततः तदर्थ समिति बनाएको छ। तथापि र आईसीसी र एसीसीले पनि तदर्थ समितिलाई मान्यता दिने सम्भावना बलियो रहेको राखेपको दाबी छ। समितिलाई तिन महिनाभित्र निर्वाचन गर्ने अधिकार दिइएको विष्टले बताए।

# साग उसु टोली पोखरा प्रस्थान

**काठमाडौं/रास–** भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी हुने नेपाली उसु टोली थप प्रशिक्षणका लागि शुक्रबार पोखरा प्रस्थान गरेको छ। नेपालबाट सागमा १७ उसु खेलाडीले भाग लिनेछन्।



सागमा उसुबाट सान्सौंमा ६ पुरुष र ३ महिला गरी ९ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। त्यस्तै, थाउलोमा समान ४-४ पुरुष/महिला गरी ८ खेलाडी सहभागी हुनेछन्।

सान्सौंको पुरुष ५२ केजीमा १०औं सागका स्वर्णधारी राजकुमार रसाइली, ५६ केजीमा राजेश चौधरी, ६० केजीमा मंगलप्रसाद थारू, ६५ केजीमा सरोज पुन, ७० केजीमा चित्रसिंह ठकुरी तथा ७५ केजीमा १०औं सागका रजत पदक विजेता धनवीर महर्जन सहभागी हुँदै छन्। महिला ५२ केजीमा ११औं सागकी कांस्य विजेता झरना गुरुङ, ६० केजीमा जुनी राई र ७० केजीमा बिन्दु पुन मगरले नेपालको चुनौती प्रस्तुत गर्नेछन्।

थाउलोको पुरुषमा विजय सिन्जाली, युवराज थापा, हरि गोले र विश्व बुढा मगर तथा महिलामा सुस्मिता तामाङ, निमा घर्ती मगर, सविता राई र ओसिन राईले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्। टोलीलाई बिदाइ गर्दै सदस्य-सचिव केशवकुमार विष्टले उसुबाट पदकको आशा गरेकाले खेलाडीलाई अनुशासनमा रहेर गम्भीरतापूर्वक प्रशिक्षणमा ध्यान केन्द्रित गर्न निर्देशन दिए।

# साइपाल कप आजदेखि

**काठमाडौं/रास–** साइपाल एकेडेमीको आयोजनामा प्रथम साइपाल कप अन्तरविद्यालय यू-१६ छात्र सिक्स ए साइड फुटबल प्रतियोगिता शनिबारदेखि हुने भएको छ।

प्रतियोगितामा ३२ टिमको सहभागिता रहने आयोजक साइपालका प्रिन्सिपल सुमन नगरकोटीले जनाएका छन्। प्रतियोगिताका खेलहरू चाबहिलस्थित गणेशथानमा हुनेछन्।

प्रतियोगतामा चाबहिल स्पोर्ट्स क्लबको प्राविधिक सहयोग रहने प्रतियोगिता संयोजक विनोद क्षत्रीले जानकारी गराए। नकआउट आधारमा हुने प्रतियोगिताको फाइनल अर्को शनिबार हुनेछ।

उद्घाटन खेल आइडियल इंग्लिस उमावि 'ए' पाथिभाराबिच हुनेछ। सो खेलसहित पहिलो दिन ५ खेल हुनेछन्। साइपालले बास्केटबल प्रतियोगिता पनि आयोजना गर्दै आइरहेको छ।




# इमरिकलाई अफ्रिकन फुटबलर अफ द इयर

**जोहनेसबर्ग/एजेन्सी–** लगातार छैटौं पटक अफ्रिकन फुटबलर अफ द इयरको अवार्ड नजिक रहेका यायाटुरेलाई पछि पार्दै गावोन प्लेयर पिरे इमरिक अउबामियनले पहिलो पटक अफ्रिकन फुटबलर अफ द इयरको उपाधि जितेका छन्।

कफ्रिकन फुटबल संघ (काफ) का सदस्य देशहरूका प्रशिक्षक, टेक्निकल डाइरेक्टरको भोटका आधारमा २६ वर्षीय इमरिकले सो उपाधि चुमे। उनले म्यानचेस्टर सिटीका मिडफिल्डर याया टुरेलाई ६ अंकले पछि पार्दै सो उपाधि जिते। उनले १ सय ४३ भोट पाए भने रनरअप बनेका टुरेले १ सय ३६ अंक प्राप्त गरेका थिए।



बुन्डेस लिगमा उनी जारी सिजन सर्वाधिक गोल गर्ने खेलाडीको शीर्ष स्थानमा रहेका छन्। उनले १७ लिग खेलबाट १८ गोल गरेका छन्। उनलाई राष्ट्रपतिले बधाई दिँदै २०१७ मा हुने अफ्रिकन कप अफ नेसनमा उनी महत्त्वपूर्ण खेलाडी हुँदै देशलाई थप उचाइमा पुर्‍याउने विश्वास व्यक्त गरे।

बोउरेसिया डर्टमुन्डबाट व्यावसायिक फुटबल खेलिरहेका उनले गावोनलाई २०१५ मा भएको अफ्रिकन कपका लागि छनोट गराउन महत्त्वपूर्ण भूमिका पनि निर्वाह गरेका थिए। उनले अवार्ड जितेपछि भने, 'मेरो लक्ष्य सधैं राम्रो खेल्न थियो। जुन लक्ष्यले दिलाएको सफलता सधैं स्मरण योग्य हुनेछ। मलाई सो अवार्डका लागि योग्य सम्झनेप्रति सधैं आभारी रहनेछु।'

# नेपाल दक्षिण एसियामै कमजोर

**काठमाडौं/रास–** पछिल्लो समयमा खराब फर्मबाट गुज्रिरहेको नेपाली फुटबल विश्व फुटबलको सर्वोच्च निकाय फिफाले सार्वजनिक गर्ने वरीयतामा अहिलेसम्मकै खराब अवस्थामा पुगेको छ।

फिफाले बिहीबार सार्वजनिक गरेको वरीयताअनुसार चार स्थान तल झरेको नेपाल १९६औं स्थानमा पुगेको छ। गत महिना नेपाल १९२ औं स्थानमा रहँदा दक्षिण एसियामा पुछारमा रहेको श्रीलंकाभन्दा एक स्थान माथि थियो। यद्यपि साफ च्याम्पियनसिपका दौरान श्रीलंकासँग पराजित भएपछि नेपाल दक्षिण एसियामै कमजोर अवस्थामा पुगेको हो।

साफ च्याम्पियनसिपमा नेपाललाई १-० ले पराजित गरेको श्रीलंकाले वरीयता क्रममा पनि नेपाललाई पछि पार्‍यो। भुटानलाई पनि पछि छोडेको श्रीलंका आठ स्थानमाथि उक्लँदै १८८औं स्थानमा रहन सफल भयो।

भारतसँग पराजित हुँदै साफ च्याम्पियनसिपको उपाधि गुमाए पनि अफगानिस्तान दक्षिण एसियाको शीर्ष स्थानमा कायम छ। यद्यपि उसले तिन स्थान गुमाउँदै १५३औं नम्बरमा स्थान बनायो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको सूचना

आर्थिक वर्ष २०७२/०७३ को आयकरको प्रथम किस्ता बुझाउने बारेको अत्यन्त जरुरी सूचना

आर्थिक वर्ष २०७२/०७३ को कारोबारको अनुमानित करको विवरण र आयमा तिर्नुपर्ने प्रथम किस्ताको आयकर वापतको ४०% (प्रतिशत) रकम यही २०७२ पौष मसान्तभित्र ठूला करदाता कार्यालय, सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं।

"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Kathmandu Bhaktapur Dhulikhel Road Extension Project**
Thapathali, Kathmandu

## Invitation for Bids

**Notice No.: 2-072/73**
**(First Date of Publication: 2072/09/25)**

1. Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu invites sealed bids from registered contractors having qualifications as mentioned in the bidding documents, for the construction works as tabulated below.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu (Tel.: 4220471, Fax: 4220471) or may visit DOR website http://www.dor.gov.np e-procurement section.
3. A complete set of bidding documents in English may be purchased from the above office of Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee as mentioned below in the Table within the office hour on or before **24th Magh, 2072**.

   For the purpose of the bidders, who choose to submit their bid electronically through e-procurement section of DOR's website http://www.dor.gov.np, the bidders may either purchase the hard copy of bidding documents or may choose to download the necessary parts of the bidding documents, prepare their bid and submit their electronic bids as specified in the instructions to bidder. In case the bidder chooses to download and submit bid electronically, the bidder shall be required to deposit the non refundable fee as specified in project's Revenue (Rajaswa) a/c as specified below and electronic scanned copy(*.pdf format) of the bank deposit voucher shall also be submitted along with the electronic bid files.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of Office: Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu
   Name of Bank: Nepal Rastra Bank, Baluwatar
   Office Code No. 27-337-48
   Office Account No: Ka-1-1-999
   Rajaswa Shirshak: 14227

   **Information to deposit the Bid Security Amount**
   Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu
   Office Code No. 27-337-48
   Dharauti account No. 1201200001002524
4. Bids must be submitted to the above office of Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu on or before 12:00 Hours, **25th Magh, 2072**. Documents received after this deadline shall not be accepted. Alternatively, bidders may submit their bid electronically through e-procurement section in DOR website http://www.dor.gov.np as specified in the instruction to bidders. Late bids will be rejected.
5. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hour, 25th Magh, 2072**. at the office of Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by Bid Security, amount as tabulated, which shall be **valid for 30 days** beyond the bid validity period, i.e. **120 days** in total from the date of bid opening.
6. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **(Dharauti) Account No.1201200001002524** at Nepal Rastra Bank,Baluwatar, **opened by Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu** and submit the receipt of the deposited amount of cash along with the bid. **If the Bid Security submitted by the Bidder is in the form of Bank Guarantee (Bid Bond), it shall be issued by an "A" class commercial Bank as classified by Nepal Rastra Bank.**
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. Pre-Bid Meeting shall be held at the office of Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu at **12:00 hour on 10th Magh, 2072**.
9. Bidders can bid as a single contractor or in form of a Joint Venture of maximum of 3 (three) contracting firms as partner. In the case of joint venture, the specific work experience shall be as mentioned in the ITB.
10. In case of discrepancy or error found in the Tender Notice, Bid Documents or other Documents, Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu reserves right to amend, correct at any time and such or other amendments in the tender notice shall be published in the national daily newspaper, website: **http://www.dor.gov.np** and Notice Board of Kathmandu Bhaktapur Road Extension Project, Thapathali, Kathmandu.
11. The Bidders shall quote the item rates in the Bill of Quantities **exclusive of VAT**.
12. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulation 2064,related amendments and other prevailing rules and regulation.
13. The Employer (Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, Kathmandu) reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
14. The bidders who choose to submit a bid electronically shall deliver his/her all necessary supporting documents attested duly by a public notary to Kathmandu Bhaktapur Dhulikhel Road Extension Project, Thapathali, and Kathmandu after the bid opening date. The submitted guarantee for bid security, voucher of non-refundable bid document fee as deposit in the specified Project's Revenue (Rajaswa) a/c, priced BOQ, Power of Attorney and JV Agreement in case of JV firms, shall be original.
15. In case of bid submitted electronically, the bidder's name registered during downloading and uploading process shall be identical. If discrepancy in the bidder's name is found, in such case the bid shall be rejected.

| Contract No. | Work Description | Average Annual Turnover of best three years for the last ten years | Credit Line Requirement | Bid Security Amount | Price of Bidding Document |
|---|---|---|---|---|---|
| 02/KB/072/73 | Thermoplastic paint, enamel paint, cats eye in Kathmandu Bhaktapur Road. | NRs. 15,000,000.00 | NRs. 5,000,000.00 | NRs. 270,000.00 | NRs. 3,000.00 |
| 03/KB/072/73 | Construction of railing, masonry work, premix carpeting etc in Kathmandu Bhaktapur Road. | NRs. 15,000,000.00 | NRs. 5,000,000.00 | NRs. 270,000.00 | NRs. 3,000.00 |

**Project Manager**

**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**